म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक १५३ सोमबार, २९ पुस २०८१ ने. सं. ११४५ पोहेलाथ्व 13 January 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## बसको ठक्करबाट २ वर्षीया बालिकाको मृत्यु

हेटौंडा, २८ पुस/मकवानपुरको मनहरी गाउँपालिका-६, नयाँबस्तीमा सवारी दुर्घटनामा परी दुई वर्षीया बालिकाको मृत्यु भएको छ । मृत्यु हुनेमा स्थानीय बहादुर थिङकी दुई वर्षीया छोरी पूजा थिङ रहेकी छिन् ।

जिल्ला प्रहरी कार्यालय मकवानपुरका अनुसार आइतबार अपरान्ह मनहरी बजारबाट नयाँबस्तीतर्फ जाँदै गरेको मनहरी बिलिभर्स इङ्लिस बोर्डिङ स्कुलको ना १ क ९२५० नम्बरको बसले पूजालाई ठक्कर दिएको थियो । बालिकालाई उपचारका लागि हेटौंडा अस्पताल पठाइएको थियो । गम्भीर घाइते बालिकाको उपचारका क्रममा साँझ ५ बजे हेटौंडा अस्पतालले मृतघोषणा गरेको प्रहरीले जनाएको छ । ठक्कर दिने बस र बसका चालक चन्द्रबहादुर तामाङलाई प्रहरीले नियन्त्रणमा लिएको छ । दुर्घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

## मउवासंघमा पहिलोपटक महिला महासचिव

साझाकुरा संवाददाता

हेटौंडा, २८ पुस/ मकवानपुर उद्योग वाणिज्य संघले पहिलोपटक महासचिवमा महिला नेतृत्व पाएको छ । प्रमोदसिंह रानाभाट अध्यक्ष निर्वाचित भएको कार्यसमितिमा उद्योगी ब्यापारीले महासचिवमा प्रतिमा श्रेष्ठलाई चयन गरेका हुन् ।

संघको इतिहासमा पहिलोपटक महिलाले निर्वाचन जितेर महासचिव पद प्राप्त गरेको हो । यतिबेला सामाजिक संजालमा प्रतिमालाई बधाई दिनेहरु ब्यापक देखिएका छन् । शनिबार सम्पन्न निर्वाचनमा श्रेष्ठले १ हजार १२ मत प्राप्त गर्दै विजयी बनिन् । महासचिवका अर्का प्रत्यासी विकेशलाल श्रेष्ठले ७ सय १३ मत ल्याएका थिए । संघको विधान यसैपटक परिवर्तन गरी सबै पदाधिकारी प्रत्यक्ष निर्वाचित हुने व्यवस्था गरेपछि एक अध्यक्ष, चार उपाध्यक्ष, एक महासचिव, चार सचिव, एक कोषाध्यक्ष र एक सहकोषाध्यक्ष गरी १२ जना पदाधिकारीको प्रत्यक्ष निर्वाचन प्रणालीबाट नेतृत्व चयन गरिएको हो ।

उद्योग र एसोसियटतर्फ दुई सचिव निर्विरोध भएका थिए । अध्यक्ष, चार उपाध्यक्ष, एक महासचिव, दुई सचिव, एक कोषाध्यक्ष र एक सहकोषाध्यक्षको निर्वाचन भएको थियो । संघको अध्यक्षमा रानभाट विजयी भएका छन् । चुनावी मैदानमा उत्रिएका



दुइ प्यानलमध्ये रानाभाटको प्यानलका धेरैजना विजयी बनेका छन् । संघको ५८ औं साधारणसभाबाट नयाँ नेतृत्व चयनका लागि भएको निर्वाचनको मतगणना आइतबार बिहान सम्पन्न भएको थियो ।

रानाभाट एकहजार १४ मतसहित विजयी भएका छन् भने अर्का प्रत्यासी अनिल अग्रवालले सात सय ६५ मतमा चित्तबुझाउँदै निकटतम प्रतिद्वन्द्वी बनेका छन् । निर्वाचनमा एक हजार आठ सय १६ मत खसेको थियो । उपाध्यक्षमा वाणिज्यतपर्फ राजु अधिकारी, उद्योगतपर्फ दीपक उप्रेती, एसोसिएटतर्फ उज्ज्वल चौलागाई र वस्तुगततर्फ काव्यमणि अधिकारी निर्वाचित भएका छन् । राजु र काव्यमणि अनिल अग्रवाल प्यानलबाट हुन् । दीपक र उज्ज्वल रानाभाट प्यानलका हुन् ।

कोषाध्यक्षमा अग्रवाल प्यानलबाट तेजराज अधिकारी ९७१ मतसहित बिजेता बनेका छन् । अधिकारीका प्रतिद्वन्द्वी श्रीकृष्ण कर्माचार्यले ८०१ मत पाएका थिए । सहकोषाध्यक्षमा रानाभाट प्यानलबाट निलम वैद्य विजयी भएकी छन् । वैद्यले ९१६ मत ल्याउँदा प्रतिद्वन्द्वी राधिका सामरी पाण्डे ७८१ मत मात्र पाएकी छन् । वाणिज्यतफ उपाध्यक्ष राजु अधिकारी ५९९ मतसहित विजयी भएका छन् भने अधिकारीका निकटतम प्रतिद्वन्द्वी रामप्रसाद न्यौपानेले ४८४ मत पाएका छन् ।

वाणिज्य सचिवमा कुलप्रसाद चौलागाई ६८४ मतसहित विजयी हुँदा निकटतम प्रतिद्वन्द्वी दिवस पराजुलीले ४११ मत पाएका छन् । वाणिज्य सदस्यमा बालकृष्ण बजगाई ६४६ मत, सन्तोष घिमिरे ६१६ मत, विष्णुप्रसाद दाहाल ५६० मत, राजेन्द्र लामिछाने (राजेश) ५५० मतसहित बिजेता बन्दा रविन ढकाल ३३४ मत, राजदेव बनियाँ ५०९ मत, यज्ञबहादुर राय ३११ मत, होमनाथ खनाल (रोशन) ३९४ मतमा अड्किएर पराजय ब्यहोर्न बाध्य भए ।

उद्योगतर्फ उपाध्यक्ष दीपक उप्रेती २७२ मतसहित विजयी बन्दा निकटतम प्रतिद्वन्द्वी रवीन्द्रप्रसाद घिमिरे २४० मत पाएर पराजय भोग्न बाध्य भए । उद्योग सदस्यतर्फ कृष्णगोपाल महर्जन २८८ मत, (विजयी) जगदीश दाहाल २७३ मत, भुपेन्द्रप्रसाद अधिकारी ३०७ मतका साथ बिजयी बनेका छन् । कृष्णराज कोइराला २५३, दीपक शिवाकोटी २४७ मतमा चित्त बुझाउन बाध्य भए । महिला आरक्षणतर्फ सीतादेवी भेटवाल २९५ मतसहित विजयी भएकी छिन् भने मेनका श्रेष्ठ २२५ मतसहित पराजय ब्यहोरेकी छन् ।

एशोसियटतर्फ उपाध्यक्ष उज्वल चौलागाई ४८ मतसहित विजयी भएका छन् भने विष्णु खनाल ३३ मत ल्याएर पराजय भोग्न बाध्य भए । एसोसियट सदस्यतर्फ अंकिता सुमार्गी ५४ मत, नवराज खतिवडा ६४ मतसहित विजयी भएका छन् भने पुजन विडारीले ३८ मत ल्याएर पराजित भएका छन् ।

वस्तुगततर्फ उपाध्यक्ष काव्यमणि अधिकारीले १५ पाएर विजयी भएका छन् भने, प्रदीप अर्यालले ११ पाएर पराजित भएका छन् । वस्तुगत सचिवमा राजाराम कार्की र नेत्रप्रसाद खतिवडा दुबै जनाले १३/१३ मत (बराबर मत) पाएका छन् । सोमबार पद तथा गोपनीयताको सपथग्रहणको समयमा गोलाप्रथा गरी बिजेता घोषणा गरिने सहमति भएको प्रमुख निर्वाचन अधिकृत बरिष्ठ अधिवक्ता ईश्वरराज ढकालले जानकारी दिएका छन् । सदस्यमा शम्भु पुडासैनी १२ मत सहित विजेता बन्दा कृष्णप्रसाद अर्यालले ११ मत र गोविन्द चौलागाईले ३ मत पाएर पराजित बनेका छन् ।

## सातौं बागमती गोल्डकप फागुन १ देखि

साझाकुरा संवाददाता

हेटौंडा, २८ पुस/ सातौ संस्करणको बागमती गोल्डकप राष्ट्रिय फुटबल प्रतियोगिता २०८१ आगामी फागुन १ गतेदेखि हुने भएको छ । मकवानपुरको बागमती गाउँपालिका खेलकुद विकास समितिको आयोजनामा प्रतियोगिता फागुन १ गतेदेखि १० गतेसम्म सञ्चालन हुने पत्रकार सम्मेलनमा जानकारी गराइएको छ ।

प्रतियोगिता बागमती ४ भुरभुरेस्थित गाउँपालिकाको लगानीमा निर्मित सहिदस्मृति रंगशालामा हुनेछ । यस अघिका संस्करण जनता मावि फापरबारीको खेलमैदानमा हुँदै आएको थियो । प्रतियोगितामा प्रथम हुने टिमले नगद १० लाख र दोस्रो हुने टिमले नगद ५ लाख रुपैंयाँसहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्ने बागमती गाउँपालिका खेलकुद विकास समिति अध्यक्ष रहरसिंह थिङले जानकारी दिए ।

फुटबल खेलको प्रवर्द्धनका लागि गाउँपालिकाले निकट भविष्यमा फुटबल एकेडेमी सञ्चालनमा ल्याउने तयारी गरेको बागमती गाउपालिका अध्यक्ष सर्केश घलानले जानकारी दिए । प्रतियोगितामा 'ए' डिभिजनका ७, मोफसलका ३ सहित १० टिमको सहभागिता रहने बताइएको छ । प्रतियोगिता सञ्चालनको लागि करिब ७४ लाख ७३ हजार रुपैयाँ खर्च हुने आयोजकको अनुमान छ ।

प्रतियोगिताको सर्वोत्कृट खेलाडीलाई १ लाख १ हजार तथा विधागत उत्कृष्ट खेलाडीलाई जनही २५ हजार, प्रत्येक खेलका म्यान अफ दी म्याचलाई १० हजार रुपैयाँसहित शिल्ड प्रदान गरिने खेलकुद विकास समिति सदस्यसचिव प्रमोद राईले बताए ।

प्रतियोगिता अन्तरगत छैटौं संस्करणको उपाधि मछेन्द्र युथ क्लब काठमाडौंले जितेको थियो । पत्रकार सम्मेलनमा प्रमुख प्रशासकीय अधिकृत ओमबहादुर घर्ती, लेखा अधिकृत झम्कनारायण घलान, मकवानपुर जिल्ला फुटबल संघ कार्यवाहक अध्यक्ष अरुण बल, गाउँपालिका वडाअध्यक्षहरु, सञ्चारकर्मी लगायतको उपस्थिति थियो ।

## लागूऔषध ओसारपसार बढ्दै, दैनिक पक्राउ पर्दै

साझाकुरा संवाददाता



हेटौंडा, २८ पुस/ मकवानपुर प्रहरीले ठूलो परिमाणमा चरेश, अफिम र गाँजासहित तीनजनालाई पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय मकवानपुरका अनुसार पक्राउ पर्नेमा दुईजना भारतीय नागरिक र एकजना नेपाली नागरिक छन् ।

मकवानपुरको थाहा नगरपालिका-११, टिस्टुङ नौखण्डे स्थित त्रिभुवन राजपथ सडकखण्डमा २१ किलो ४६० ग्राम चरेश र ३ किलो ४७० ग्राम अफिमसहित दुई भारतीय नागरिकलाई पक्राउ गरिएको हो । पक्राउ पर्नेमा भारतको हरियाणा जिल्ला, ग्राम पञ्चायत गोविन्दनगर थानासदरका २५ वर्षीय कुनाल गोथ्वाल र न्युसुवासनगर थानासदरका २० वर्षीय मनिष कुमार छन् ।

मकवानपुरका प्रहरी प्रवक्ता प्रहरी नायवउपरीक्षक (डीएसपी) श्यामु अर्यालका अनुसार, डिएल ८ सिएक्स १२२४ नम्बरको कारमा लुकाएर चरेश र अफिम ल्याइरहेको अवस्थामा उनीहरुलाई नियन्त्रणमा लिइएको हो । लागूऔषध ओसारपसार भइरहेको सूचनाका आधारमा इलाका प्रहरी कार्यालय पालुङको टोलीले कारलाई रोकी जाँच गर्दा लागूऔषध फेला परेको हो । पक्राउ परेका व्यक्तिलाई थप अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालयमा जिम्मा लगाइएको छ ।

त्यसैगरी, मकवानपुरको हेटौंडा उपमहानगरपालिका-१५, रातोमाटेबाट १०१ किलो गाँजासहित २० वर्षीय राजन राउतकुर्मी पक्राउ परेका छन् । रातोमाटे प्रहरीचौकीबाट खटिएको टोलीले चितवनबाट वीरगञ्जतर्फ जाँदै गरेको डिएल १३ सी १५६१ भारतीय नम्बरको कारमा लुकाएर गाँजा ल्याउँदै गर्दा कुर्मीलाई पक्राउ गरेको हो ।

पक्राउ परेका व्यक्तिलाई आइतबार बिहान सार्वजनिक गरिएको छ । लागूऔषध ओसार पसार गर्ने समूह र तस्करीको शृंखलाबारे थप अनुसन्धान भइरहेको डीएसपी अर्यालले जानकारी दिएका छन् ।

## लामसुरेमा '८ ए' साइड भेट्रान्स फुटवल सुरु



साझाकुरा संवाददाता

हेटौंडा, २८ पुस/तेश्रो संस्करणको स्व.मोहन श्रेष्ठ स्मृति वडास्तरीय '८ए' साइड वडास्तरीय भेट्रान्स फुटबल प्रतियोगिता आइतबार सुरु भएको छ ।

उद्घाटन खेलमा वडा नं.४ ले वडा नं.२ लाई १-० गोलअन्तरले पराजित गरेको छ । विजेता टोलीका लागि जर्सी नं.२ का प्रकाश महर्जनले खेलको दोश्रो हाफमा गोल गरेका थिए । खेलको म्यान अफ दि म्याज हेटौंडा-४ का जर्सी नं. २ का खेलाडी प्रकाश महर्जन घोषित भएका छन् । प्रतियोगितामा भोलि तीनवटा खेल हुनेछन् ।

भोलिको पहिलो खेलमा आयोजक हेटौंडा-९ र वडा नं.१६ बीच बिहान सात बजे, दोश्रो खेल दिउँसो १ बजे वडा नं. ६ बिरुद्ध वडा नं.१४ र तेश्रो तथा अन्तिम खेलमा वडा नं. १२ को बिरुद्ध वडा नं. १५ खेल्नेछन् । लामसुरे खेलकुद विकास समितिको आयोजना तथा हेटौंडा उपमहानगरपालिका वडा नं. ९ को मुख्य प्रायोजनमा सुरु भएको प्रतियोगिताको बिजेताले नगद १ लाख ११ हजार १ सय ११, उपबिजेताले नगद ६५ हजार ५ सय ५५ तथा तेश्रो र चौथो हुने टिमले क्रमस १०/१० हजार रुपैयाँ प्राप्त गर्नेछन् । प्रतियोगिताको बिधागत उत्कृष्ट खेलाडीलाई पनि नगद पुरस्कार प्रदान गरिने आयोजकले जनाएको छ ।

यसअघि लामसुरे खेलकुद विकास समितिका संयोजक एवम् वडासदस्य बिष्णु रानामगरको अध्यक्षता तथा हेटौंडा उपमहानगर उपप्रमुख राजेश बानियाँको प्रमुख आतिथ्यतामा प्रतियोगिताको उद्घाटनसत्र संचालन गरिएको थियो ।

## मक्राञ्चुली सहकारीको साधारणसभा सम्पन्न

साझाकुरा संवाददाता

हेटौंडा, २८ पुस/ हेटौंडा-६ चौघडामा रहेको मक्राञ्चुली सहकारी संस्थाको १८ औ वार्षिक साधारणसभा आईतबार रानी सामुदायिक वनको सभाहलमा सम्पन्न भएको छ ।

हेटौडा उपमहानगर प्रमुख मीनाकुमारी लामाको प्रमुख आतिथ्यता एवम् सहकारीका अध्यक्ष डा. कृष्णप्रसाद धितालको सभाध्यक्षतामा साधारणसभा भएको हो । साधारणसभामा अध्यक्ष डा. धितालले संस्थागत प्रतिवेदन र लेखा समिति सदस्य केशव धितालले लेखा समितिको प्रतिवेदन पेश गरेका थिए ।

साधारणसभामा हेटौंडा उपमहानगरपालिका-६ का वडाअध्यक्ष विष्णुबहादुर दाहाल, बंशगोपाल दुग्ध उत्पादक सहकारीका अध्यक्ष रामहरि चौलागाई, नौलोविहानी कृषि सहकारीका अध्यक्ष विष्णुप्रसाद ढुंगाना, सुनगाभा बहुउद्देश्यीय सहकारीका अध्यक्ष रामहरि न्यौपाने, गरिबीनिवारण सहकारीका अध्यक्ष कृष्णप्रसाद सापकोटा, शेयरसदस्य, सञ्चारकर्मी लगायतको उपस्थिति थियो ।

साधारणसभाले संस्थाको रिक्त रहेको लेखासंयोजकमा कुमारमणि दाहाल र सदस्यमा सीताराम दाहाललाई चयन गरेको छ । २०३३ सालमा स्थापित यो सहकारीले मलखाद, बीउविजन, कीटनाशक विषादि, कृषिऔजार, कृषिउपज खरिद विक्रीलगायत काम गर्दै आएको छ । सहकारीमा ४ सय २९ जना शेयरसदस्य आवद्ध रहेको ब्यवस्थापक केदारप्रसाद सञ्जेलले बताए ।

## शिशिर बचतमा मनोज

साझाकुरा संवाददाता

हेटौंडा, २८ पुस/ शिशिर वचत तथा ऋण सहकारी संस्था लि. को १३ औ वार्षिक साधारण सभा सम्पन्न भएको छ । हेटौंडा उपमहानगरपालिका वडा नं. ४ का वडाअध्यक्ष नविन सिग्देलको प्रमुख आतिथ्यमा संस्थाको भवनमा साधारणसभा सम्पन्न भएको हो । सभामा संचालक समिति तथा लेखा समितिको निर्विरोध चयन भएको घोषण गरिएको थियो ।

साधारणसभाले मनोज तामाङको अध्यक्षतामा ७ सदस्यीय समिति चयन गरेको हो । सहकारीको उपाध्यक्ष सफला घले, सचिव प्रितम लामा, कोषध्यक्ष रोशन थापामगर, सदस्य मनमाया तामाङ, सदस्य दीपा जिम्बा र सदस्य रणबहादुर तुम्सिङमगर तथा लेखा समितिको संयोजक शुभराज लामा र सदस्यमा कविप्रसाद रेग्मी तथा सुस्मिता मगर निर्विरोध निर्वाचित भएको कुरा निर्वाचन संयोजक विजयकुमार मगरले बताए । कार्यसमितिका पदाधिकारीलाई प्रमुखअतिथि वडाअध्यक्ष सिग्देलले प्रमाणपत्र हस्तान्तरण गरेका थिए ।




सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# पाउडर प्लान्ट संचालनमा बिलम्ब

हेटौंडा उपमहानगरपालिका-१०, स्थित धुलो दूध कारखाना (पाउडर प्लान्ट) सञ्चालनमा बिलम्ब भएपछि किसानले उत्पादन गरेको दूध बिक्रीमा समस्या आएको छ । पाउडर प्लान्ट संचालनको जिम्मा दुग्ध विकास संस्थान (डीडीसी)लाई दिने तयारी गरिएपनि प्रक्रिया अगाडि बढ्न सकेको छैन । विस्तृत कार्ययोजना तथा कार्यविधिबिना निर्माण गरिएको धुलो दूध कारखाना सञ्चालनको अस्थायी जिम्मा दुग्ध विकास संस्थान (डीडीसी)लाई दिने तयारी बागमती प्रदेशको कृषि तथा पशुपन्छी विकास मन्त्रालयले गरेको थियो । स्थायीरुपमा सञ्चालनको कार्ययोजना नबनेसम्म डीडीसीले नै प्लान्ट चलाउने गरी साँचो सुम्पिएको हो । तर, दीर्घकालीन सञ्चालनको कार्ययोजना मन्त्रालयले कति समयमा बनाउँछ ? त्यो भने टुंगो छैन । ६ भदौ २०८१ मा प्रदेश दुग्ध विकास बोर्डका अध्यक्षसमेत रहेका कृषि तथा पशुपन्छी विकासमन्त्री प्रकाश श्रेष्ठको अध्यक्षतामा बसेको कारखाना सञ्चालनसम्बन्धी बैठकले डीडीसीलाई सञ्चालन कार्ययोजनासहित प्रस्ताव पेश गर्ने निर्णय गरेको थियो । यो उद्योग संचालन गर्नका लागि पशुपालन गर्ने किसानको प्रत्यक्ष संलग्नता हुनु जरुरी छ । दूध उत्पादनको दृट्रिले आपूर्ति बढी हुने 'फ्लस सिजन' मा किसानले 'मिल्क होलिडे' को सामना गर्न नपर्ने गरी ब्यवस्थापन गर्न सक्ने अवस्था आउनु पर्छ ।

उद्योगको दीर्घकालीन सञ्चालन मोडालिटी बारे मन्त्रालय नै अन्यौलमा छ । जसकारण पाउडर प्लान्ट डीडीसीले सञ्चालन गरिराख्न पनि सक्नेछ । पाउडर प्लान्ट डीडीसीलाई दिने निर्णय मान्न दूध उत्पादक संघसंस्था तयार देखिँदैनन् । डीडीसीले किसानको दूधको भुक्तानी नगरेकाले उद्योगको जिम्मा दिन नहुनेमा दुग्ध सहकारी संघ छन् । जिल्ला दूध उत्पादक सहकारी संघ मकवानपुरले डीडीसीलाई स्थायी सञ्चालनको जिम्मा दिन नहुने विषयमा प्रदेश सरकारको ध्यानाकर्षण गराएको छ । किसानको १६ महिनाको दूध बिक्रीको रकम नदिएको भन्दै डीडीसीले सञ्चालन गर्न नहुने पक्षमा संघ रहेको छ । सञ्चालनको नीति नबनाई हचुवामा संरचना बनाउने सरकारले यसको जिम्मेवारी लिनुपर्ने किसानको भनाई छ । बागमती प्रदेशको कृषि तथा पशुपन्छी विकास मन्त्रालयले उद्योग सञ्चालनको स्थायी प्रबन्ध नभएसम्मका लागि डीडीसीलाई जिम्मा लगाउने तयारी गरेको मन्त्रालयले जानकारी दिएको छ । डीडीसीले पाउडर प्लान्टको विगत एक वर्षदेखि परीक्षणको रुपमा सञ्चालन गर्दै आएको छ । प्रदेश दुग्ध विकास बोर्डसँग १४ मंसिर र २२ माघ २०८० मा भएको सम्झौताअनुरुप डीडीसीले परीक्षण उत्पादन गरेको थियो । तीनवर्ष लगाएर निर्माण गरिएको उद्योगको गतवर्ष परीक्षण गर्दा नै सञ्चालनको अन्तिम तयारी रहेको मन्त्रालयले जनाएको थियो । कुन मोडालिटीमा उद्योग सञ्चालन गर्ने भन्नेमा टुंगो नलाग्दा उद्योग परीक्षणकालमै सीमित बनेको हो ।

संघीय सरकार मातहतको दुग्ध विकास आयोजनाको पशुआहार उत्पादन उद्योगको साढे १ बिघा क्षेत्रफलमा प्रदेश सरकारको ४७ करोड ३३ लाख रुपैयाँमा कारखाना निर्माण गरिएको हो । १६ पुस २०७७ मा तत्कालीन मुख्यमन्त्री डोरमणि पौडेलले शिलान्यास गरेको कारखानाको निर्माणकार्य एक वर्षभित्र सक्ने गरी इजी इन्फ्रा कम्पनीले ठेक्का सम्झौता गरेको थियो । कम्पनीसँग १ पुस २०७७ मा ४१ करोड २२ लाख ७१ हजार रुपैयाँमा ठेक्का सम्झौता भएको थियो । तीनपटक म्यादथप गरी कारखाना निर्माण भएकाले यसको लागत ६ करोड बढेको मन्त्रालयले जनाएको छ । पाउडर उत्पादन कारखाना दैनिक ६० हजार लिटर दूध खपत गर्ने क्षमताको रहेको छ । नियमित सञ्चालनमा आएमा पाउडर प्लान्टबाट प्रतिदिन ५ मेट्रिकटन र प्रतिवर्ष एक हजार पाँच सय मेट्रिकटन धुलो दूध उत्पादन गर्न सकिने बताइएको छ । कृषकले उत्पादन गरेको दूधबाट दैनिक पाँच मेट्रिकटन पाउडर दूध उत्पादन र प्याकिङ गर्ने लक्ष्य कारखानाको छ । प्रदेशका १३ जिल्लाका दुग्ध उत्पादक सहकारी संघको साझा संगठनको रुपमा प्रदेश दुग्ध विकास सहकारी संघ गठन गरिने र यसैलाई काराखाना सञ्चालनको जिम्मा दिने गरी तयारी अघि बढाइएको बताइएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ माघ १ गते मंगलबार १४ जनवरी २०२५ । प्रतिपदा, माघ कृष्णपक्ष । पोहेलाथ्व ११४५ ने.सं. । सूर्योदय ६:५८, सूर्यास्त ५:२८ । माघे संक्रान्ति । माघीपर्व । राष्ट्रिय योग दिवस ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : कार्यमा ढिलाइ | तुला | : आफन्तबाट सहयोग |
| वृष | : ऋण र शत्रु वृद्धि | वृश्चिक | : शत्रुबाट बाधा सृजना |
| मिथुन | : शैक्षिक कार्यमा सफलता | धनु | : सहयोगीहरूले राम्रो साथ दिनेछन् |
| कर्कट | : परिवारमा विवाद | मकर | : रोकिएका काम बन्नेछ |
| सिंह | : खिन्नता रहने | कुम्भ | : व्यापारमा विशेष फाइदा हुनेछ |
| कन्या | : शैक्षिक कार्यमा सफलता | मीन | : शत्रु सजिलै हराउन सकिनेछ |

# गगन र विश्वप्रकाशमा देखिएको सत्ता-छटपटी



✍ झलक सुवेदी

**कम्तीमा ५० प्रतिशत लोकप्रिय मत ल्याउनेले मात्र कार्यकारी प्रमुख हुन पाउने निर्वाचन प्रणाली मात्र होइन, पहिलो हुनेले जित्ने प्रणालीभन्दा पनि कमजोर र वर्णशंकर प्रणाली हुनेछ । यससँगै २००७ साल यता कांग्रेसले नेपालका लागि उपयुक्त ठानेको र कम्युनिष्टहरुले खसीको टाउको देखाएर कुकुरको मासु बेच्ने ठाउँ भन्ने गरेको संसदीय प्रणालीको पनि संवैधानिक मृत्यु हुनेछ ।**

उहिले महेन्द्र मोरङ क्याम्पस स्ववियु सभापति थिए मित्र ध्यानबहादुर राई (उनलाई ६० नपुग्दै क्यान्सरले लग्यो, ढिलो भएपनि हार्दिक श्रद्धाञ्जिली) । उनको एउटा कविता थियो : भेडाहरू भेडाहरू नै हुन् ।

यो आलेखको शीर्षक राख्न मन लागेको चैं त्यो कविताको शीर्षक पैंचो लिंदै 'केटाहरू केटाहरू नै हुन्' थियो । तर, पार्टीका जनरल सेक्रेटरी र प्रतिनिधि सभा सदस्य भएर 'माननीय' नै भनिन बानी परेकाहरुलाई केटामात्र भन्दा मानहानीको खत लाग्ला भन्ने लागेर शीर्षक बदलियो । पहिले बोल्ने र पछि सोच्ने, होस कम जोश बढी भएको उमेरतर्फ संकेत गर्न खोजिएको हो । त्यसको आशय चैं केटाहरू केटाहरू नै हुन्छन् चाहे तिनले पचास साठीको डाँडो पार गरेकै किन नहोउन् भन्ने नै हो ।

राजनीति सम्भावनाको खेल हो । तर सम्भावना कुनै आत्मरतिको विषय होइन । रियल पोलिटिकमा सम्भावना भनेको शक्तिहरुका बीचका दाउपेच र सचेत प्रयत्नका परिणाम हुन् । चुनाव जित्न कमसेकम जन परिचालन, त्यसका लागि लोकप्रिय नारा र अपिल तथा विश्वसनीय व्यक्तित्वको खाँचो पर्छ ।

यी सबै कुरा त छन् तर प्रतिपक्षले योभन्दा गतिलो दाउपेच गर्‍यो भने चुनाव जित्न सम्भव हुन्न । यस्तो सचेत प्रयत्नमा विश्वास नगर्नेहरु राजनीतिको सजिलो बाटो रोज्छन् र धेरैजसोले उमेर जाँदा समेत चेत पाउँदैनन् ।

पहिले राजनीतिमा शास्त्रसम्मत तर्कहरू, प्रमाण आधारित खण्डन र विरोधको चलन थियो । मानिसहरु सुस्त बोलेर मात्र होइन अनसन बसेर या मौन बसेर पनि राजनीतिको लडाइँ लड्थे । जेल जीवन पनि धैर्यपूर्वक बिताउँथे । अहिले चैं त्यस्तो छैन । सबलाई हतार छ । फाष्टफुड खानु या रेडिमेड कपडा किनेर लगाउनु जस्तो ।

हाम्रा दलहरुले पद या शक्तिका लागि गर्ने गठबन्धन र लेनदेनले त ब्रिट्नी स्पेयर्सको बिहे पनि बिर्साउँछन् (३७ घण्टामा भएको पार पाचुकेको सम्झना होला नी) । अर्थात हतार छ शक्ति हत्याउन । त्यसका लागि संविधान, राजनीतिका अनुभवजन्य सिद्धान्तहरू र लोकलाजको परवाह गरिन्न । नयाँ र संभावना भएका नेताहरुले जब त्यसो गर्छन् अनि आम निराशाका लागि अरु कारण पनि चाहिन्न ।

सन्दर्भ गगन थापा र विश्वप्रकाश शर्माले हालै गरेको एउटा मागको हो । यी दुवै आफूलाई बीपी कोइरालाका उत्तराधिकारी भन्न रुचाउँछन् तर बीपीले उनीहरुभन्दा कम उमेरमै स्थापित गरेको राजनीतिक प्रणालीले अहिले पनि नेपाललाई निर्देशित गरिरहेको छ भन्ने चैं बिर्सिन्छन् ।

बीपीले सोचेको अल्पकालका लागि थिएन बरु उनले सत्ता खोसिएकै अवस्था स्वीकार गरे र जीवन बिताए आफ्ना आदर्शका लागि । यता यी जनरलहरुले भनेका छन् - अब हुने आम निर्वाचनबाट जुन दलले सबैभन्दा बढी लोकप्रिय मत ल्याउँछ उसैले पाँच वर्ष सरकारको नेतृत्व गररहन पाउनुपर्छ ।

हालै गठबन्धनका नेता तथा प्रधानमन्त्री केपी शर्मा ओलीले संविधान संशोधनको तत्काल सम्भावना नरहे पनि आगामी २०८७ सम्ममा संविधान संशोधन हुने भनेर यो विषयलाई तत्कालका लागि असान्दर्भिक बनाइदिए पनि यी युवा जनरलहरु चैं संशोधन गरेरै छाड्ने भन्दै हिंडेका छन् । उनीहरुको मुख्य माग छ- निर्वाचनमा जसले लोकपिय मत बढि पाउँछ उसले पाँच वर्ष सरकारको नेतृत्व गर्ने कुरालाई संविधानमै कुँदिनुपर्छ ।

अहिले पार्टी महामन्त्री र सरकार सञ्चालनसम्बन्धी संयन्त्रमा पनि रहेकाले गगन थापा संविधान संशोधन कुन सैद्धान्तिक आधारमा गर्ने र कुन कुन विषयमा परिवर्तन गर्न चाहेको हो भन्ने दुई दलका बीचका छलफलमा सामेल भएका होलान् भनेर अनुमान गरौं । उनले यस्ता कुरा आफ्ना समकक्षी विश्वप्रकाश शर्मासँग पनि शेयर गरेको हुनसक्छ । या दुवैले सल्लाह गरेर यो विषयलाई संयन्त्रमा प्रवेश गराउन चाहेको पनि हुनसक्छ ।

जे भएपनि यी दुईजनाले एउटै अल्लारे प्रस्ताव राखेका छन् अबदेखि निर्वाचनमा जसले सबैभन्दा बढी लोकप्रिय मत पाउँछ उसले पाँच वर्ष सरकारको नेतृत्व पाउनुपर्छ । यो आलेख त्यो प्रस्तावका विविध आयामतर्फ लक्षित हुनुपर्ने हो तर सञ्जिव सतगैयाँ र डम्बर खतिवडाले यस सम्बन्धमा विस्तारमा चर्चा गरेकाले यहाँ मलाई (न)रमाइलो लागेको विषयमा केन्द्रित हुनेछु ।

### फायर नखोल्दै पराजित जनरलहरु

सबैभन्दा बढी लोकप्रिय मत ल्याउनेले पाँच वर्ष सरकार चलाउन पाउनुपर्छ भन्नुको अर्थ यत्ति लाग्छ कि संसदले प्रधानमन्त्री छान्ने वेष्टमिनिष्टर मोडलबाट नेपाली काँग्रेसका यी युवा जनरलहरु अर्कै नयाँ मोडलतिर आकर्षित भएका छन् । यस्तो मोडल जहाँ प्रधानमन्त्री या सरकारको नेतृत्व गरिरहेको दलले संसदप्रति उत्तरदायी भइरहनुपर्ने छैन ।

संविधानमा नै त्यस्तो प्रावधान राखेपछि संसदले प्रधानमन्त्री नियुक्ति गर्नु औपचारिकता मात्र हुनेछ । उसले अविश्वासको प्रस्ताव पनि ल्याउन सक्ने छैन । ल्याए पनि प्रधानमन्त्री उही दलको रहनेछ । चुनावमा बहुमत ल्याउने लेठो र दुःख गर्नुको साटो यो बाटो सहज हुनेछ ।

यो प्रणाली कम्तीमा ५० प्रतिशत लोकप्रिय मत ल्याउनेले मात्र कार्यकारी प्रमुख हुन पाउने निर्वाचन प्रणाली मात्र होइन, पहिलो हुनेले जित्ने प्रणालीभन्दा पनि कमजोर र वर्णशंकर प्रणाली हुनेछ । यससँगै २००७ साल यता कांग्रेसले नेपालका लागि उपयुक्त ठानेको र कम्युनिष्टहरुले खसीको टाउको देखाएर कुकुरको मासु बेच्ने ठाउँ भन्ने गरेको संसदीय प्रणालीको पनि संवैधानिक मृत्यु हुनेछ ।

यो भनाइको सिधा अर्थ हुन्छ नेपाली काँग्रेसका यी जनरल (सेक्रेटरी)हरु निर्वाचन आउनु तीन वर्ष पहिले नै यो निष्कर्षमा पुगेका छन् कि कांग्रेसले आउने निर्वाचन नजित्न सक्छ । त्यस्तो अवस्थामा कुल सदर मतको बहुमत चैं कांग्रेसको पक्षमा आउने आशा । उनीहरु अब त्यही आशाको त्यान्द्रो समातेर प्रधानमन्त्री पदको वैतरणी तर्ने कसरतमा छन् ।

यो भनेको कुनै पनि जनरलले युद्धमोर्चाको कमाण्ड गरिरहँदा फायर खोल्नु अगाडि नै आत्मसमर्पण गर्नुजस्तै हो । गगन थापाहरू यो अवस्थामा किन पुगे त ? हाम्रो संविधानको प्रावधानले जुन मिश्रित निर्वाचन प्रणालीको परिकल्पना गरेको छ त्यसमा कुनै दलले बहुमत ल्याउन निकै सकस झेल्नुपर्छ । त्यो एउटा कारण हुनसक्छ । तर यसले बहुमतको संभावना नै छैन भन्दैन, नकार्दैन । बरु दलहरुलाई जनताको विश्वास जित्नका लागि आवश्यक पर्ने नीति बनाउन, आफ्नो दललाई भ्रष्ट र कमिसनखोरहरुको घेरोबाट बाहिर निकाल्न, देशप्रति इमान्दार र विश्वसनीय बन्न दबाब बढाउँछ ।

जति धेरै समावेशी दल त्यति धेरै जित्ने सम्भावना । जति कम भ्रष्टहरुको उपस्थिति उति धेरै जित्ने सम्भावना । जति धेरै वैचारिक सैद्धान्तिक प्रष्टता त्यति धेरै लोकप्रियता । यसो गर्दा जित्न नसक्ने कुरै छैन । एमाले र माओवादीका बीच २०७४ मा भएको चुनावी गठबन्धनलाई (पछि दुवै पक्षले त्यसलाई दाउपेचको विषय बनाएकोले असफल हुनु बेग्लै कुरा हो) जनताले बहुमत दिएकै हुन् । बहुमत ल्याउन सकिन्छ भन्ने त्यसले प्रमाणित गरिनै सकेको कुरा हो ।

यति हुँदा हुँदै गगनहरु किन बहुमत ल्याउन आँट गरिरहेका छैनन् त ? किन भने तिनलाई फाष्टफुड जस्तै गरी छिटो एकदम छिटो प्रधानमन्त्री पद प्राप्त गर्नु छ । त्यसका लागि आवश्यक मेहनत गर्न, आफैलाई सुधार्न, वैचारिक प्रष्टता र विश्सनीयता सहित जनतामा अपिल गर्न तिनले हिम्मत गर्न सकेका छैनन् । तिनलाई आफ्नो दल र आफ्नै व्यक्तित्वप्रति भरोसा छैन । पछिल्लो चुनाव सम्पन्न भएको केही महिना बित्दा नबित्दै गगन थापा दलभित्र र सार्वजनिक रुपमा पनि नेपाली कांग्रेस अब चुनावअगाडिको गठबन्धनमा सामेल हुँदैन भन्दै आएका छन् । आउने चुनावमा कांग्रेसलाई बहुमतमा पुर्‍याउने र आफू नै प्रधानमन्त्री बन्ने दावी पनि गर्दै आएका छन् ।

२०७९ मा आफ्नो दलभित्र सभापति देउवाका विपक्षमा संसदीय दलको नेताका लागि चुनाव लडेका थापा आफूलाई आउने महाधिवेशनपछिको सभापति र त्यसपछिको प्रधानमन्त्री भन्दै प्रचारमा छन् । यो त राम्रै कुरा हो । उनीजस्तो नयाँ पुस्ताको नेताले प्रधानमन्त्रीका लागि प्रयास गर्नु हाम्रो राजनीतिका सन्दर्भमा आशा जगाउने विषय पनि हो । तर उनी आफैंले पहिले नै यस्ता किसिमका प्रस्ताव अघि सार्न थालेपछि त्यो आशावादमा प्रश्न उठेको छ ।

अनि कम्युनिष्ट पार्टीहरुभित्रका युवा भनिनेहरुले पनि उनलाई देखाएर सजिलो बाटोको वकालत गर्ने सम्भावना बढ्ने छ । यसैपनि अहिलेसम्म सबैभन्दा बढी लोकप्रिय मत पाउने दलको पगरी एमालेका शिरमा भएकोले उसले (एमालेका जनरलहरु) यसलाई सहज मान्ने सम्भावना पनि हुने भयो ।

अर्कोपटक प्रधानमन्त्री हुन्छु भनेर दाबी गरिरहेका गगनले त आउने निर्वाचनमा कांग्रेसलाई बहुमत दिन अपिल गर्दै जनताका बीचमा जानु पर्ने हो । त्यो कथित स्थायित्वका लागि होस् या चुनाव जित्नका लागि मात्र किन नहोस् कमसेकम उनी जत्तिकोले बहुमत ल्याउन सकिन्न तर अरुले भन्दा एक भोट भए पनि बढी ल्याइन्छ त्यसैले हामीलाई कानूनी व्यवस्था गरेर सरकार चलाउन दिनुपर्छ भन्दै हिँड्नुको अर्थ हुन्छ- उनीभन्दा नयाँ पुस्ताबाट राजनीति गर्छौं भन्दै आउने पात्रहरुको नैतिक जीत । लोकप्रियतावाद भनिने विश्वव्यापी दक्षिणपन्थी लहरको लागि ठाउँ बनाइदिने काममा युवा जनरलहरु किन लागेका हुन् भन्ने कुरा उनीहरुले मात्रै बुझाउन सक्लान् । एउटा कुरा मात्र निश्चित रुपमा भन्न सकिन्छ कि यी युवा जनरल (सेक्रेटरी)हरुको यो अराजनीतिक अभिव्यक्ति र सत्ताका लागि देखिएको छट्पटीले हाम्रो राजनीतिलाई थप दुःखान्त तिर लानेछ ।

*(साभार: अनलाइनखबर)*

# आधुनिक समाजमा सांस्कृतिक संगीतको महत्व

✍ सरस्वती खत्री

सांस्कृतिक संगीत मानव सभ्यताको आरम्भिक कालदेखि नै उत्पन्न भएको एक महत्त्वपूर्ण सांस्कृतिक अभिव्यक्ति हो । सरल भाषामा सांस्कृतिक संगीत भन्नाले हाम्रो परम्परा र संस्कारसँग जोडिएको संगीत भन्ने बुझिन्छ । हाम्रो परम्परा र संस्कार जति पुरानो छ त्यतिनै पुरानो संगीत रहेको छ । यसले कुनै विशेष जाति, समुदाय, क्षेत्र वा राष्ट्रको सांस्कृतिक पहिचान र परम्परालाई अभिव्यक्त गर्ने संगीतलाई जनाउँछ ।

यो संगीत प्राय: त्यो समुदायको ऐतिहासिक, सामाजिक, धार्मिक, र सांस्कृतिक मूल्य र विश्वासहरूको अंश हुन्छ । सांस्कृतिक संगीतलाई परम्परागत संगीत पनि भनिन्छ, किनकि यसले विशेष रूपमा परम्परा, रीतिरिवाज, र संस्कृतिको संरक्षण र अभिव्यक्तिमा महत्त्वपूर्ण भूमिका खेल्दछ ।

हाम्रो नेपालमा विभिन्न भूभाग जस्तै तराई ,पहाड र हिमालमा विभिन्न जातजातिको बाहुल्यता रही आएको छ । उदाहरणको लागि हिमालमा शेर्पा, तामाङ, र गुरुङजस्ता जातिहरू समावेश छन्, पहाडमा बाहुन, छेत्री, तामाङ, नेवार, राई ,लिम्बू र तराईमा मैनापोखरा, मधेसी, थारु, र अन्य समुदायका मानिसहरू समावेश छन् । र तिनै जातजाति अनुसार उनीहरुको आफ्नै मौलिक लोक गीतसंगीत र वाद्यवादन रहेका छन् , यिनै मौलिक संगीत नै हाम्रा सांस्कृतिक संगीत हुन् ।

जतिनै आधुनिकतामा रमाए पनि जतिनै पाश्चात्य संगीतमा झुमे पनि एक छेउमा आएर नेपालिको मन भने तिनै दोहोरीका भाका भनौ या आ-आफ्ना भाषामा बनेका गीतहरुमा नै रम्ने गर्छन् । यो नै एउटा मौलिक संगीतको महत्त्व पनि हो । नेपालका ग्रामीण क्षेत्रमा प्राय जसो लोक गीत संगीतको भाकामा रम्नेहरू धेरै छन् भने शहरी क्षेत्र र बिदेसिएका नेपालीहरु पनि लोक संगीत नै मन पराउँछन् ।

पप र आधुनिक गीत सुनेता पनि विशेष समारोह र चाड बाडमा भने संस्कृति नै झल्किने संगीतको बेजोड महत्त्व छ । नेपालीको महान चाड दशैं, तिहार, छट, तीज, ल्होसार, धान रोपाई जस्ता विभिन्न पर्वहरूमा सांस्कृतिक तथा परम्परागत गीतहरु सुन्ने र बजाउने गरिन्छ ।

### संगीतका प्रकारहरू

प्रत्येक प्रकारको संगीतले एक विशेष समुदाय, परम्परा, र ऐतिहासिक पृष्ठभूमिको प्रतिनिधित्व गर्दछ । सांस्कृतिक संगीतका विभिन्न प्रकारहरु छन् ,त्यस मध्य केहि प्रकारहरु यहाँ उल्लेख छन्:

### १) लोक संगीत

समाजमा प्रचलित, भूभाग अनुसारका भाषाभाषी ,जातजातिहरुले रचेका स्थानीय मौलिक रचनामा आधारित रहेर गाउने र बजाउने संगीत लोक संगीत कहलिन्छ । देशलाई अन्तरास्ट्रिय स्तरमा चिनाउनको लागि पनि हाम्रो मौलिक लोक भाकाका गीतसंगै मौलिक भेषभुषा पहिरिएर नृत्यहरु प्रस्तुत गरिन्छ यसर्थ यसले देशको प्रतिनिधित्व गरेको हुन्छ । लोक संगीतले नै संगीतको धरोहर बचाएको हुने हुँदा यसको संरक्षण गर्नु हाम्रो कर्तव्य पनि हो ।

### २) आधुनिक संगीत

कुनै पनि देशको संस्कृतिलाई विश्वको प्रचलित देशको संस्कृतिले प्रभाव पारेको देखिन्छ र यसमा संगीत पनि पर्दछ । यही प्रभावमा आधुनिक गीतको सुरुवात भएको देखिन्छ । पाश्चात्य संगीतको प्रभाव लोक संगीतमा प्रत्यक्ष पर्ने हुँदा आधुनिक संगीतको उत्पत्ति भएको हो जुन सुन्नमा मिठो लागेता पनि समयको लहर संगै यो परिवर्तित हुन सक्छ । एक समय सिमाभित्र एउटा गीत प्रचलित छ भने त्यही गीत अर्को गीतको उत्पत्तिसँगै हराउने पनि हुन्छ । यसमा पप, रक, हिप हप, जैज आदि संगीतका प्रभावहरू पाइन्छ ।

-पप संगीत : युवापुस्ताको बीचमा लोकप्रिय ।

-रक संगीत : पश्चिमी शैलीका संगीतहरू ।

-नेपाली फिल्म संगीत : चलचित्रहरूमा गाइने गीतहरू जुन प्राय प्रेम, भावना र सामाजिक सन्देश समेटेर बनाइन्छ ।

यसर्थ आधुनिक संगीतलाई परिवर्तनको नाम पनि दिइएको छ ।

### ३) शास्त्रीय संगीत

शास्त्रमा आधारित समृद्ध र गहिरो संगीत शैली नै शास्त्रीय संगीत भन्ने बुझिन्छ । जसमा राग, ताल र संगीत सिद्धान्तको गहिरो ज्ञान समावेश छ ,यो उच्च कोटीको संगीतमा पर्दछ । यस संगीतका पारखीहरु बौद्धिक हुन्छन् । जसले शास्त्र को ज्ञान राखेका हुन्छन भने आम मानिसको लागि यो अरुचिपूर्ण हुन सक्दछ । शास्त्रीय संगीत, संगीतको एक महत्त्वपूर्ण र अभिन्न अंग हो । जसलाई बुझ्न गहिरो अध्ययन र धैर्यपूर्ण चरित्रको आवश्यकता पर्दछ ।

### ४) धार्मिक संगीत

धार्मिक संगीतले प्राय: भगवान र देवी-देवताका भजन, कीर्तन, आरती आदि समावेश गर्दछ । नेपालमा हिन्दू र बौद्ध धार्मिक संगीत विशेष रूपमा प्रचलित छन् ।

-भजन : भजन एक धार्मिक गीत हो जुन प्राय: भगवान वा देवी(देवताको स्मरण गर्न गाइन्छ । नेपाली भजनमा नेपाली भाषा, संस्कृति र संगीतको विशेषतालाई झल्काउने प्रयास गरिन्छ ।

- कीर्तनस : भगवानको स्तुति गर्दै गाइने भक्ति संगीत ।

-आरतीस : मन्दिर वा घरमा पूजा बेला गाइने धार्मिक गीतहरू ।

सांस्कृतिक संगीत समाजको आन्तरिक जीवन र पहिचानलाई व्यक्त गर्ने माध्यम हो साथै यो समाजमा एकता, सहिष्णुता र समृद्धिको विकासमा पनि महत्त्वपूर्ण भूमिका खेल्ने मध्यस्थकर्ता पनि हो । यसले पुराना परम्परहरूसँग जोड्दै नयाँ पुस्तालाई सृजनात्मकताको ज्ञान दिँदै विकासको मार्ग खोल्छ ।

### सांस्कृतिक संगीतको महत्व

सांस्कृतिक संगीतले समाजका विविध पक्षहरूमा महत्त्वपूर्ण भूमिका खेल्दछ । यसको महत्त्व गहिरो र व्यापक रहेको छ ।

सामाजिक पहिचान र एकता स् समाजमा ऐक्यबद्धता कायम गर्न संगीत एक उच्च प्राथमिकतामा पर्ने प्रभावशाली माध्यम हो । विभिन्न जातीय पृष्ठभूमि र भौगोलिक बनावटबाट आएका भएपनि सांस्कृतिक संगीतले सामूहिक भावसहितको एकता कायम गर्नमा, मानिसलाई संस्कार सिकाउनमा ठुलो मद्दत गर्दछ । मानिस जतिनै परिवर्तनशील भएपनि आफ्नो जरालाई बिर्सिन नहुने गुण सिकाउनमा पनि सांस्कृतिक संगीतको भूमिका रहेको छ ।

संस्कार र परम्पराको ज्ञान : समाज र पुर्खाको संस्कार थाम्ने धरोहर भनेकै सांस्कृतिक महत्वका बिषयहरु हुन् । चाहे त्यो बाध्य बादन होस नृत्य या संगीत होस् । कुनै पनि देशको संगीत र नृत्य ईतिहास जतिनै पुरानो हुन्छ, त्यही इतिहास र परम्परा नया पिढीमा हस्तान्तरण हुने हुँदा सांस्कृतिक संगीतको संरक्षण र जगेर्नाको साथै ज्ञान पनि बढ्न जान्छ ।

धार्मिक र आध्यात्मिक महत्व : स्वधर्म विशेष कार्यक्रमहरुमा सांस्कृतिक संगीतले ठुलो महत्त्व राख्दछ । विभिन्न धर्महरूको पूजा र अनुष्ठानमा संगीतले भक्तिपूर्ण वातावरण सिर्जना गर्दछ । जसको माध्यमबाट मानिसहरू आध्यात्मिक शान्ति र आशाको साथै जीवनको उतार चाडवलाई सहस्र स्वीकार गर्ने हिम्मत प्राप्त गर्न सक्दछन् ।

भावनात्मक र मानसिक स्वास्थ्यमा मद्दत: सांस्कृतिक संगीतले मानिसको मानसिक र भावनात्मक स्वास्थ्यमा सकारात्मक प्रभाव पार्न सक्ने गुण हुन्छ । यसले तनाव घटाउन, मानसिक शान्ति ल्याउन र भावनात्मक अभिव्यक्ति साटासाट गर्न मद्दत गर्दछ । पारंपरिक संगीत र नृत्यले मुहारमा खुसीको भाव प्रकट गर्दै आत्मा र शरीरलाई सन्तुलित राख्न सहयोग पुर्‍याउँछ ।

सांस्कृतिक संवाद र अन्तर संस्कृतिको विकास : सांस्कृतिक संगीत विभिन्न जाति र समुदायहरूको बीचमा एक पुलको रूपमा कार्य गर्न सक्छ । संगीतको माध्यमबाट मानिसहरूले अन्य संस्कृतिहरूसँग संवाद गर्न, नयाँ विचार र सृजनात्मकता आदान-प्रदान गर्न सक्छन् । यसले सांस्कृतिक विविधता र सहिष्णुता बढाउँछ । विभिन्न राजनीतिक दल र देशको प्रतिनिधित्व गर्ने वैदेशिक कायक्रममा सहभागिता हुँदा आआफ्नो देशको चिनारीको रुपमा सांस्कृतिक कार्यक्रमद्वारा परिचय गरिन्छ यसको लागि भाषा जरुरी भन्ने हुँदैन । कुनैपनि देशको संस्कृति त्यो देशको भाषा भन्दा माथि रहन्छ ।

*(साभार: न्यूज अफ नेपाल)*

# व्यावसायिक वातावरण सुधार्न एकैदिन २९ कानुन संशोधनको पहल

काठमाडौं/सरकारले देशमा उद्यम व्यवसायको वातावरण राम्रो बनाउन एकैदिन २९ वटा कानुन संशोधनको प्रस्ताव गरेको छ । सत्ता साझेदार नेपाली कांग्रस तथा एमालेले गठन गरेको व्यावसायिक वतावरण सुधारका लागि कानुन सुधार कार्यदलको सिफारिसबमोजिम सरकारले विभिन्न अध्यादेश अघि बढाउने भएको हो, जसमार्फत २९ कानुन संशोधन पहल गरिएको हो ।



शुक्रबार मध्यरातसम्म बसेको मन्त्रिपरिषद् बैठकले आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश, सुशासन प्रवर्द्धन तथा सार्वजनिक सेवा प्रवाहसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश, निजीकरण ऐन, २०५० लाई संशोधन गर्न बनेको अध्यादेश (संशोधित नाम: सार्वजनिक प्रतिष्ठान-सरकारी लगानी) व्यवस्थापन), आर्थिक कार्यविधि तथा वित्तीय उत्तर दायित्व ऐन, २०७६ लाई संशोधन गर्न बनेको अध्यादेश, भूमिसम्बन्धी ऐनलाई संशोधन गर्न बनेको अध्यादेशको मस्यौदा पारित गरिएको हो । अब यी अध्यादेश राष्ट्रपति कार्यालयबाट प्रमाणीकरणको चरणमा छ ।

यसका साथै नागरिकता संशोधन विधेयक पनि सोही दिनको मन्त्रिपरिषद्ले पारित गरेको छ । कांग्रेस तथा एमालेबीच सरकार गठन गर्न भएको सातबुँदे सहमतिको बुँदा तीनमा अर्थतन्त्रमा विद्यमान शिथिलतालाई विश्वसनीय व्यावसायिक वातावरण तयार गरी आर्थिक गतिविधि चलायमान बनाउने तथा बाह्य लगानीलाई प्रोत्साहित गरी मुलुकभित्र पर्याप्त र मर्यादित लगानी सिर्जना गर्ने भन्ने उल्लेख छ । दुई पार्टीबीच भएको यही सहमतिबमोजिम मुलुकमा व्यावसायिक वतावरण सुधार तथा निजी क्षेत्रको मनोबल उकास्ने गरी विभिन्न कानुनमा सुधार गरिएको नेपाली कांग्रेसका महामन्त्री गगन थापाले बताए ।

‘कांग्रेस-एमाले सम्मिलित बलियो सरकार भएको बेला अघिपछिजस्तो नियमित काम मात्रै गर्ने होइन, केही उल्लेखनीय काम गर्नुपर्छ भन्ने दुई दलीय संयन्त्रमा सहमति भयो,’ महामन्त्री थापाले भने, ‘त्यसका लागि लामो समयदेखि सुधार गर्नुपर्ने भनिएका तर नभएका कानुनीको संशोधन गरौं भन्ने प्रस्ताव मैले नै राखें, त्यहीअनुसार यी ऐनहरू संशोधन गर्न सकियो ।’

कानुनी सुधारका क्रममा आर्थिक विकासका गतिविधिमा अवरोध गर्ने किसिमका व्यवस्थाहरूलाई परिमार्जन गरिएको पनि उनले बताए । सरकारले आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धिसम्बन्धी अध्यादेशमार्फत विभिन्न ११ कानुन संशोधनको प्रस्ताव गरेको छ ।

सुशासन प्रवर्द्धन तथा सार्वजनिक सेवा प्रवाह सम्बन्धी अध्यादेशमा १३ वटा कानुन संशोधनको प्रस्ताव गरिएको छ भने भूमिसम्बन्धी अध्यादेशअन्तर्गत तीनवटा कानुन संशोधनको प्रस्ताव छ । कानुन संशोधनका क्रममा आईटी कम्पनीलाई विदेशमा लगानी गर्न दिनेदेखि नेपाली लगानीकै कम्पनीले विदेशबाट ऋण लिन पाउनेसम्मका व्यवस्थाहरू भएका छन् । साथै, कालोबजारी ऐनमा २० प्रतिशतभन्दा बढी नाफा राख्नेलाई ५ वर्ष जेल राख्ने व्यवस्था संशोधन गरी त्यो कसुरमा उपभोक्ता संरक्षण ऐनअनुसार कारबाही गर्ने कुरा उल्लेख छ ।

कानुनी संशोधनबाट मुलुकको व्यावसायिक तथा आर्थिक क्षेत्र सबैभन्दा खुसी भएको छ । नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ, सूचना प्रविधिसम्बन्धी उद्यमीलगायतले यस किसिमका कानुनी सुधारका लागि लामो समयदेखि माग गरिरहेका थिए ।

**के भए संशोधन ?**

अध्यादेशहरूमार्फत भएको सबैभन्दा महत्त्वपूर्णमध्येको व्यवस्था भनेको विदेशी विनिमय ऐन २०१९ मा संशोधन गरी सूचना प्रविधि उद्योगले विदेशमा लगानी गर्न खुला गरेको छ । औद्योगिक व्यवसाय ऐनमा सूचना प्रविधि उद्योगले विदेशमा लगानी गर्न पाउने व्यवस्था सो ऐनमा गरिएको हो । यसका साथै नेपाली नागरिकले विदेशमा रहँदा आर्जन गरेको रकम विदेशमा लगानी गर्न पाउने व्यवस्था पनि सो ऐनमा गरिएको छ ।

यो व्यवस्थाबाट नेपालीलाई विदेशमा लगानी गर्न प्रतिबन्ध लगाउने ६ दशकदेखिको व्यवस्थामा परिवर्तन भएको छ । यसका साथै नेपाल बाहिर बाह्य विदेशी प्रत्यक्ष लगानी गर्न सक्ने तथा नेपालबाहिर प्रविधि हस्तान्तरण गर्न अनुमति प्राप्त उद्योगले विदेशबाट प्राप्त विदेशी मुद्रा विदेशस्थित उद्योग, फर्ममा लगानी गर्न सक्ने व्यवस्था सो ऐनमा गरिएको छ ।

नेपालका आईटी कम्पनीले विदेशमा लगानी गर्न सक्ने व्यवस्था विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐनमा पनि गरिएको छ । सो ऐनमा संशोधन गरी नेपालबाहिर प्रविधि हस्तान्तरण गर्न अनुमति प्राप्त उद्योगले नेपाल राष्ट बैंकले तोकेको शर्त बमोजिम विदेशबाट प्राप्त विदेशी मुद्रा विदेशस्थित उद्योग, फर्ममा लगानी गर्न सक्ने व्यवस्था गरिएको हो ।

आफूहरूले लामो समयदेखि माग गरिरहेको विषयलाई अहिले सरकारले सम्बोधन गरिदिएको नेपाल एसोसियसन फर सफ्टवेयर एन्ड आईटी सर्भिसेज कम्पनिज (नास-आईटी)का अध्यक्ष रिचन श्रेष्ठले बताए ।

‘हामीले जुन देशमा सेवा निर्यात गर्छौं, त्यहींको कम्पनीसँग प्रतिस्पर्धा गर्नुपर्छ तर विदेशमा लगानी गर्न नपाउने हुँदा त्यहाँ कार्यालय खोल्न पाइएको थिएन, कर्मचारी राख्न पाइएको थिएन, जसले व्यापार विस्तारमा समस्या थियो, त्यो कुरा सम्बोधन हुने भएको छ,’ उनले भने ।

विकसित देशका कम्पनीले नेपालीहरूलाई कम विश्वास गर्ने तर विदेशमै कार्यालय खोल्न पाउँदा त्यसले नेपाली कम्पनीको विश्वसनीयता बढ्ने उनले बताए । ‘उदाहरणका लागि अब नेपाली कम्पनीले अमेरिकामा कार्यालय खोलेर त्यसै मार्फत मार्केटिङ गर्छन्, त्यसले हाम्रा कम्पनीको प्रतिस्पर्धी क्षमता बढ्छ, सर्भिसको मूल्य पनि राम्रो पाउन सकिन्छ,’ उनले भने ।

यो व्यवस्थाले व्यवस्थाले सूचना प्रविधि क्षेत्रमा नयाँ सम्भावनाको ढोका खुलेको र नेपाली आईटी कम्पनीहरूलाई अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धा गर्न सक्षम बनाउने कम्प्युटर एसोसिएसन नेपाल महासंघ (क्यान महासंघ) की अध्यक्ष सुनैना घिमिरे पाण्डेले बताइन् ।

सरकारले विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ मा संशोधन गरी विदेशी लगानी भएकोबाहेक अन्य उद्योगले समेत विदेशी वित्तीय संस्थाबाट ऋण लिन सक्ने व्यवस्थासमेत गरेको छ । यसअघि विदेशी लगानी भएको उद्योगले मात्रै विदेशी बैंकबाट ऋण लिनसक्ने व्यवस्था थियो ।

गैरआवासीय नेपालीले परिवर्तनीय विदेशी मुद्रामा लगानी गर्दा विदेशी लगानीको स्वीकृत निकाल्न आवश्यक नरहने र जानकारी गराए पुग्ने व्यवस्था पनि गरिएको छ । विदेशी लगानी वा आर्जित रकम फिर्ता लैजाने प्रक्रियालाई सरलीकरण पनि गरिएको छ । कृषि प्रविधि र यान्त्रिकीकरणमा विदेशी लगानी खुला गर्ने व्यवस्था पनि ऐनमा गरिएको छ, जुन यसअघिको ऐनमा बन्द थियो ।

मुलुकमा स्टार्टअपको प्रवर्द्धनका लागि कम्पनी ऐनमा संशोधन गरी कम्पनीलाई व्यक्तिबाट प्राप्त हुने बौद्धिक सम्पत्ति, मुल्य वृद्धि, सेवा, व्यापारिक ख्याती (गुडवील), प्राविधिक जानकारी (नो हाउ शेयरिङ) वा प्राविधिक ज्ञानको हस्तान्तरणलाई समेत आधारमा स्टार्टअपका लागि ४० प्रतिशत र अन्य उद्यममा २० प्रतिशतसम्म स्वेट इक्विटी सेयरहरु जारि गर्न सकिने व्यवस्था पनि गरिएको छ ।

यस्तो स्वेट सेयरको व्यवस्था नहुँदा नेपालमा स्टार्टअपको विकासमा अवरोध रहेको थियो । ‘कसैले नयाँ ज्ञान र आईडिया ल्याएर कम्पनी बनायो, त्यसलाई स्थापित गऱ्यो तर उसले बाहिरको लगानी ल्यायो भने जसले लगानी गऱ्यो, उसैको कम्पनी हुने दु:ख अवस्था थियो, यो संशोधनले स्टार्टअपका संस्थापकहरूलाई कम्पनीमा नियन्त्रण कायम राख्न सजिलो हुने भएको छ,’ एक कानुन व्यवसायीले बताए ।

यसका साथै, एनआरएनलाई विदेशी लगानी स्वीकृति नचाहिने व्यवस्था पनि विदेशी लगानी ऐन संशोधनमार्फत गरिएको छ । तर, सरकारले एनआरएन नागरिकता दिए पनि फेरि भिसा लिनुपर्ने एवं नेपालमा सम्पत्ति राख्न नपाइने अवस्थालाई सम्बोधन नगरेको भन्दै गैरआवासीय नेपालीहरू भने खुसी हुन सकेका छैनन् ।

नेपालको संविधानले नै गैरआवासीय नेपालीलाई राजनीतिक बाहेकका अधिकार सुनिश्चित गरे पनि सरकारले त्यसको सम्मान नगरेको युनाइटेड नेपाली डायस्पोरा अर्गनाइजेसन (युएनडीओ)का अध्यक्ष सोनाम लामा बताउँछन् । ‘मालपोतले पनि नचिन्ने, अध्यागमनले पनि नचिन्ने एनआरएन नागरिकता चाहिँ किन दिएको हो ?,’ उनले प्रश्न गरे । सरकारले निजीकरण ऐनको नाम नै परिवर्तन मात्रै गरेको छैन, व्यवस्थापन करार र भाडामा निजी क्षेत्रलाई दिई सरकारी संस्थानहरू सञ्चालनका लागि प्रक्रिया पनि सहज बनाएको छ ।

पीपीपी परियोजनामा परियोजना विकास सम्झौता (पीडीए) लाई धितो राखी समेत बैंकले ऋण दिने व्यवस्था पनि गरिएको छ । यसमा साथै, राजस्व चुहावट नियन्त्रण ऐनमा समेत महत्त्वपूर्ण संशोधन सरकारले गरेको छ । राजस्व अनुसन्धान विभागले अनुसन्धान गर पश्चात ५० लाखभन्दा बढी बिगो निर्धारण भएकोमा अनिवार्य रुपमा अदालतमा मुद्दा लैजानुपर्ने व्यवस्था रहेकाले त्यसबाट करदाता र सरकार दुवैलाई हानी भएको थियो ।

त्यसलाई सच्याएर करदाताले बिगो र जरिवाना रकम तिरेमा मुद्दा नचलाउने व्यवस्था गरिएको छ । त्यस्तै, ३ करोडसम्मको बिगो कायम भएकोमा सम्बन्धित विभागलाई कर असुल गर्न लेखी पठाउने व्यवस्था पनि यो कानुनमा गरिएको छ । साथै, राजस्व चुहावटको मुद्दा चलिरहेको अवस्थामा बिगो र ब्याज तिरे मिलापत्र हुनसक्ने तथा सरकारले दायर गरेको मुद्दा फिर्ता समेत लिनसक्ने व्यवस्था गरिएको छ ।

यसअघि प्रविधि कम्पनी कोटिभिटीलाई कानुनको गलत व्याख्या गरी राजस्व अनुसन्धान विभागले मुद्दा दायर गरेकोमा त्यो र त्यस्तै अन्य मुद्दा फिर्ता लिन चाहेको खण्डमा अब सरकारले सक्ने भएको छ । खासगरी आईटी उद्योगीहरूले यस्तो व्यवसथको माग गरिरहेका थिए ।

राजस्व न्यायाधीकरण ऐनमा संशोधन गरी सरकारले राजस्व सम्बन्धी मुद्दाको पुनरावेदन गर्दा नगदै धरौटी राख्नुपर्नेमा त्यसमा बैंक ग्यारेन्टी राखे पुग्ने बनाएको छ । निजी क्षेत्रले लामो समयदेखि यस्तो व्यवस्थाको माग गरिरहेको थियो ।

**सरकारी सेवाको प्रभावकारिता बढाउन महत्त्वपूर्ण संशोधनहरू**

सरकारले सुशासन प्रवर्द्धन तथा सार्वजनिक सेवा प्रवाहसम्बन्धी अध्यादेशमार्फत १३ कानुन संशोधनको प्रस्ताव गरेको छ । यो अध्यादेशमार्फत सरकारले सुशासन ऐनमा संशोधन गरी निर्णय गर्नुपर्ने सरकारी अधिकारीले सम्बन्धित सूचना, प्रमाण वा कागजात प्राप्त भएको सात दिनभित्र निर्णय गरिसक्नुपर्ने व्यवस्था गरेको छ । खासगरी उद्योग तथा विकास आयोजनाहरूको वातावरणीय प्रभाव मूल्यांकन (ईआईए) स्वीकृत गर्न वर्षौं लगाउने सरकारी कार्यशैलीलाई यसले लगाम लगाउने अपेक्षा निजी क्षेत्रले गरेको छ ।

यसका साथै, नेपाल सरकारले गर्नुपर्ने भनेका कामहरू मन्त्रिपरिषद्ले नै गर्नुपर्ने भन्ने अहिलेको मान्यतालाई परिवर्तन गर्न पनि अध्यादेशले खोजेको छ । ‘प्रचलित कानुनमा मन्त्रिपरिषद्ले नै गर्नुपर्ने भनेका काम, कार्यसम्पादन नियमावली बमोजिम मन्त्रिपरिषद्मा पेश गर्नुपर्ने विषय र प्रचलित कानुनमा नेपाल सरकारमा पुनरावेदन लाग्ने भनी उल्लेख भएका विषय’ बाहेक अन्य विषयमा मन्त्री, सचिव वा विशिष्ट श्रेणीको कर्मचारीले गरेको काम पनि नेपाल सरकारले नै गरेको मानिने गरी कानुन संशोधन भएको छ । श्रम ऐन संशोधन गरी निजी क्षेत्रमा काम गर्ने कर्मचारीको सेवाको उमेर हद ५८ वर्षबाट ६० वर्ष कायम गरिएको छ ।

सरकारले भूमिसम्बन्धी अध्यादेशमार्फत घरजग्गालगायत व्यवसायमा जग्गाको हदबन्दी खोलेको मात्रै छैन, यसअघि सञ्चालन भएका रियल इस्टेटसम्बन्धी व्यवसायले हदबन्दीका कारण बेच्न नपाएको घरजग्गा बेच्न पाउने व्यवस्था पनि गरेको छ ।

मुलुक अपराध संहितामा संशोधन गर्दै कसैले सुरु अदालतमा धरौटी जम्मा गरेको रहेछ भने त्यस्तो धरौटीको १५ प्रतिशत रकम जम्मा गरी पुनरावेदन गर्न पाउने व्यवस्था गरिएको छ ।

(स्रोत: अनलाइनखबर)

# ‘रंगी’को ‘छ भने माया’ गीतमा दीलिपदेखि सलोनसम्मको नृत्य

काठमाडौं/प्रणय दिवसको दिन पारेर आगामी फागुन २ गतेबाट प्रदर्शनको तयारीमा रहेको फिल्म ‘रंगी’को पहिलो गीत सार्वजनिक गरिएको छ । आइतबार काठमाडौंमा एक कार्यक्रमका बीच सार्वजनिक ‘छ भने माया’ बोलको डान्सिङ नम्बरको गीतमा आनन्द कार्की र सुजता केसीको गायन, दुर्गेश थापाको शब्द तथा संगीत छ भने एरेन्ज तथा विमल चिनलको प्रोग्रामिङ, मिक्सिङ र मास्टरिङ छ ।



कविराज गहतराजको कोरियोग्राफीमा तयार भएको गीतको भिडियोमा फिल्मका मुख्य क्लाकारहरु दीलिप रायमाझी, सलोन बस्नेत, नम्रता श्रेष्ठ, आयुषी ढकाल, विशाल पहारी र उत्तम केसी नृत्य गर्दै प्रस्तुत छन् । गीतमा सलोन र नम्रताबीचको प्रेम पनि देखाइएको छ । अडियो पक्ष बलियो भएकाले गीतलाई दर्शकले रुचाउन सक्ने देखिन्छ ।

गीत रिलिज कार्यक्रममा संगीतकार दुर्गेशले १० वर्ष पछाडिसम्मको मेलोडीलाई गीतमा समेटेको बताए । गायक आनन्द कार्कीले दुर्गेशको शब्द र संगीतमा गीत गाउने चाहना पूरा भएकोमा खुसी व्यक्त गरे । दर्गेशको पछिल्लो गीत ‘दुश्मन’मा पनि उनले आवाज दिएका थिए । गायिका केसीले आफूलाई सुन्दर गीतमा स्वर दिने अवसर दिएकोमा आभार व्यक्त गरिन् ।

सुरेश न्यौपानेको ‘डेब्यु’ निर्देशनमा तयार भएको फिल्ममा सक्षम सुवेदी, करिश्मा केसी बस्नेत र अनिश गौतम निर्मातामा छन् भने सुमन गजमेरको लेखन, सौरभ लामाको छायांकन, बन्दे प्रसादको सम्पादन, राजेन्द्र मोक्तानको कलर तथा कविराज गहतराज र शिशिर खातीको कोरियोग्राफी छ । ‘रंगी’लाई वितरक गर्ने जिम्मा एप्पल इन्टरटेनमेन्ट, एफडी र रिच इन्टरटेनमेन्टले लिएका छन् ।

# सुरक्षा पन्तको ‘खेल’ बैशाख १२ गते रिलिज हुने

काठमाडौं/अभिनेत्री सुरक्षा पन्तको मुख्य भूमिका रहेको फिल्म ‘खेल’ आगामी बैशाख १२ गतेबाट प्रदर्शनमा आउने भएको छ । आइतबार फर्स्टलुक पोस्टर सार्वजनिक गर्दै निर्माण कम्पनी सिरुपाते फिल्म्सले प्रदर्शन मिति घोषणा गरेको हो । उक्त मितिमा अर्को फिल्म ‘भूठान’ (द वल्र्ड्स ह्यापिएस्ट म्यान) पनि प्रदर्शनमा आउँदैछ । अर्थात् बैशाख १२ गते दुई फिल्मबीच भिडन्त हुने भएको छ ।



‘खेल’को जारी पोस्टरमा सुरक्षालाई केन्द्रमा राखिएको छ, जसले उनको चरित्रको महत्त्वलाई संकेत गर्छ । पोस्टरको पृष्ठभूमिमा देखिएको पाँच कोणीय ताराले फिल्म रहस्य, डर र थ्रिलर विधासँग सम्बन्धित रहेको देखाउँछ । पोस्टरमा तीन युवतीहरु पनि चित्रित छन्, जो कलेज ड्रेसमा छन् । यसले कलेज जीवनका किशोरीको कथा फिल्मले भन्ने बुझ्न सकिन्छ ।

बलिउडका दर्जन बढी फिल्ममा सह-निर्देशन गरेका अनुराग प्रधान र नेपालमा लामो समयदेखि सह-निर्देशकको रूपमा कार्यरत आस्था श्रेष्ठको संयुक्त निर्देशन रहेको फिल्ममा हेना नगरकोटी, मोनिका थापा, समापिका गौतम, निकिता आचार्य, भोलाराज सापकोटा, मिथिला शर्मा, सरिता गिरी, किरण श्रेष्ठ, सुहानी खड्का, भवन घिमिरे, सुजन घिमिरे लगायतको पनि अभिनय छ ।

निर्देशक प्रधानले फिल्ममा नेपालको लोककथा, परम्परा र अध्यात्मलाई थ्रिलर र सस्पेन्ससँग जोडेर कथा भनिएको बताए । उनका अनुसार आफ्नै विगतको एउटा भयानक घटनाले पछ्याइरहेको चारजना साथीहरुको कथा फिल्मले भन्नेछ । उनी भन्छन्, ‘ती चार पात्रले डरलाग्दा र अलौकिक घटनाहरूको सामना गर्नुपरेको हुन्छ । यसमा कुनै पनि खेललाई निष्ठापूर्वक नखेल्दा हाम्रो जीवनमा कस्तो हानी हुन्छ भन्ने दर्साउन खोजिएको छ ।’

फिल्मका कार्यकारी निर्माता लुइसराज महर्जन, निर्माता आशिषराज महर्जन तथा सह-निर्माताहरू कुनालराज गुरुङ र र हिशराज महर्जन हुन् । फिल्मको कथा आशिषराज महर्जनको हो भने पटकथा लेखनमा उनलाई निर्देशक प्रधान सघाएका छन् । संवाद विष्णु गैरेले लेखेका हुन् । रोशन राई र सञ्जय लामाको छायाङ्कन रहेको फिल्मलाई आशिषराज महर्जनले सम्पादन गरेका छन् ।

# ‘वसन्त’को गीतमा ‘कामी’ शब्दबारे प्रकाश : ‘फिल्ममा होच्याउने हिसाबले भनिएको छैन’

काठमाडौं/राष्ट्रिय दलित आयोगको जातीय अनुसूचीमा विश्वकर्मा जातिलाई ‘कामी’ भनेर उल्लेख गरिएको छ । तर, यही समुदायका कतिपयले ‘कामी’ शब्दलाई अपमानजनक मान्ने गरेका छन् । यो शब्दलाई लिएर बेला बखतमा ठूलै बहस पनि हुने गरेको छ । २०७७ सालमा ‘कामी’ शब्दले विश्वकर्मा जातिलाई अपमान गरेको भन्दै यसको खारेजीको मागसहित सर्वोच्च अदालतमा मुद्धा समेत परेको थियो ।



तर, दलित (विश्वकर्मा) समुदायबाट प्रतिनिधित्व गर्ने गायक प्रकाश सपूतले भने आफ्नो निर्देशनमा बनेको पहिलो फिल्म ‘वसन्त’मा ‘कामी’ शब्द प्रयोग गरेका छन् । शनिबार सार्वजनिक ‘साँझ पऱ्यो झमक्क’ गीतको भिडियोमा फिल्मकी मुख्य अभिनेत्री स्वस्तिमा खड्काले प्रकाशलाई ‘कामी’ भनेर सम्बोधन गरेकी छन् । यो शब्दलाई लिएर गीत रिलिज कार्यक्रममै प्रश्न उठेको थियो ।

पत्रकारले प्रकाशलाई सोधेका थिए, ‘कतिपयले ‘कामी’ शब्द होच्याउने हिसाबले प्रयोग भयो भनिरहँदा तपाईंले यसलाई स्थापित गर्न खोज्नुभएको कि विवाद निम्त्याउन ?’ जवाफमा उनले फिल्ममा यो शब्दलाई होच्याउने हिसाबले प्रयोग नगरिएको दाबी गरे । ‘होच्याएर भनिँदा होच्याए जस्तो लाग्ने हो । तर, यो नेपालको थरहरुमा सूचीकृत छ । फिल्ममा जसरी प्रस्तुत गरिएको छ, त्यसले होच्याएको महसुस हुँदैन । त्यसलाई रमाइलो तरिकाले लिनुहुन्छ भन्ने मलाई लाग्छ ।’

यद्यपि, प्रकाश ‘कामी’ शब्दलाई लिएर हुने गरेको विवादको विषयमा बहस हुन जरुरी देख्छन् । भन्छन्, ‘मलाई लाग्छ यो बहसकै विषय हो । तर, यसलाई कसरी भन्यो भन्ने कुराले अर्थ राख्छ जस्तो लाग्छ । कामी, दमाई वा बाहुन भन्नु नेपालको सूचीकृत थरहरु हो । फिल्ममा जसरी भनिएको छ, त्यो होच्याउने हिसाबले भनिएको छैन । पूरै फिल्म हेरेपछि त्यो थाहा हुनेछ ।’

त्यस्तै, स्वस्तिमा कुनै पनि शब्द कुन नियतले भनिएको हो भन्ने कुराले अर्थ राख्ने बताउँछिन् । भन्छिन्, ‘गीतमा बाहुनी पनि भनिएको छ । बाहुनीभन्दा बाहुनीहरुलाई जिस्काएको जस्तो लाग्दैन होला । त्यसरी नै हेर्नुपर्छ जस्तो लाग्छ । नियत गलत छैन भने कसैले कसैलाई होच्याएको जस्तो हुँदैन ।’ उनी ‘कामी’ भनेको याद गर्नु तर बाहुनी भनेको याद नगर्नुलाई चाहिँ होच्याउने नियत मान्छिन् ।

# वर्षौंदेखि दुरुपयोग गुनासो, पहिलोपटक कृषि अनुदान विवरण सार्वजनिक

काठमाडौं/कृषि तथा पशुपन्छी विकास मन्त्रालयले कृषि अनुदान लिने किसानको नाम र विवरण पहिलोपटक सार्वजनिक गरेको छ । मन्त्रालयको जिम्मेवारी सम्हालेदेखि बारम्बार कृषि अनुदान लिनेको नाम र विवरण सार्वजनिक गर्छु भन्दै वाचा गर्दै आएका कृषिमन्त्री रामनाथ अधिकारीले मन्त्री भएको ६ महिनामा विगत पाँच वर्षको नामसहित विवरण सार्वजनिक गरेका हुन् ।

कृषि मन्त्रालय अन्तर्गतका विभिन्न निकाय मार्फत वर्षेनि अर्बौं रकम बराबर अनुदान सहयोग हुँदै आएको छ । यसो त कृषि अनुदान सदुपयोग नभएको भन्दै सार्वजनिक मञ्चबाट सरोकारवाला र किसानले गुनासो गर्दै आएका थिए । वास्तविक किसानले सरकारबाट प्राप्त गर्ने अनुदान नपाएको भन्दै पहुँचवाला, बिचौलिया र नक्कली किसानको कब्जामा कृषि अनुदान जाने गरेको गुनासो हुँदै आएको छ ।

सरकारले बाली तथा पशुधन बीमा, उखु किसानलाई प्रोत्साहन अनुदान, विशेष कृषि उत्पादन कार्यक्रम, विभिन्न बालीमा न्यूनतम समर्थन मूल्यमार्फत सहयोग, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, वैदेशिक सहयोगमा सञ्चालित विभिन्न आयोजना, पशुमा लाग्ने रोग नियन्त्रणका लागि खोप उत्पादन कार्यक्रम, पशुको नश्ल सुधारका लागि वीर्य उत्पादन तथा वितरण कार्यक्रम, प्रदेश तथा स्थानीय तहमा सर्सत अनुदानका कार्यक्रम मार्फत किसानलाई अनुदान सहयोग हुँदै आएको थियो । तर, यसरी किसानलाई उपलब्ध गराइएको सहयोगका कार्यक्रमका विवरण प्रकाशन भएको थिएन ।

मन्त्रालयले सावर्जनिक गरेको विवरणसँगै भनेको छ, ‘राज्यबाट अनुदान लिने तर उद्देश्य अनुरूप रकम सदुपयोग नभएको गुनासो आएपछि मन्त्रालयले अनुदान रकम प्रवाहबारे जानकारी दिएको हो ।’ कृषिमन्त्री अधिकारीले अनुदान विवरण सार्वजनिक गरेसँगै जनताले पनि विवरण हेरेर अनुदान लिनेबारे जानकारी लिनुपर्ने बताए । ‘यो अब जनतामाझ गयो, विवरण सार्वजनिक गर्न सहज थिएन, हामीले गऱ्यौं, अब यसको दुरुपयोग गर्नेहरू पनि खोज्छौं,’ सार्वजनिक गर्दै उनले भने ।

यस्तै मन्त्रालयका सचिव डा. गोविन्द शर्माले विवरण सार्वजनिकसँगै यसको जनताबाट खबरदारी भए दुरुपयोग गर्नेबारे मन्त्रालयले खोजी गरेर कारबाही गर्न सहज हुने अपेक्षा गरे ।

कृषि अनुदान विवरण सार्वजनिक गर्न कृषि मन्त्रालयले २ कात्तिकमा सचिवस्तरको बैठकबाट मन्त्रालयका सहसचिवको संयोजकत्वमा समिति गठन गरेको थियो । मन्त्रालयका सहसचिव डा. हरि बहादुर केसीको संयोजकत्वमा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अनुगमन, मूल्यांकन अधिकृत हिक्मतकुमार श्रेष्ठ, कृषि विभागका वरिष्ठ कृषि अर्थ विज्ञ तिलकराज चौलागाईं, पशु सेवा विभागका वरिष्ठ पशु विकास अधिकृत डा. सुधीर सिंह सदस्य र कृषि मन्त्रालयका वरिष्ठ कृषि अर्थ विज्ञ लालकुमार श्रेष्ठ सदस्यसचिव रहेको समिति गठन भएको थियो ।

उक्त समिति मार्फत सार्वजनिक भएको विवरणको निष्कर्षमा छ, ‘विगत पाँच वर्षमा रासायनिक मल, बाली तथा पशुधन बिमा, उखु उत्पादनमा प्रोत्साहन अनुदान, साना सिँचाइ, बजार पूर्वाधार, कृषि औजार उपकरण, बीउ उत्पादन, उत्पादन र उत्पादकत्व वृद्धिका लागि कृषि तथा पशुपन्छी क्षेत्र प्रवर्द्धन गर्न ठूलो र कम अनुदान प्रवाह भएको देखिन्छ, तथापि अपेक्षाकृत उपलब्धि भने हुन सकेको देखिदैन ।’

आर्थिक वर्ष २०७६/७७ देखि २०८०/८१ सम्म विगत पाँच वर्षमा कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट जम्मा १ खर्ब ७ अर्ब ६६ करोड २७ लाख ८९ हजार बराबर अनुदान प्रवाहबाट करिब १ करोड ९६ लाख किसान लाभान्वित भएको देखिन्छ २०७६/७७ देखि २०७९/८० सम्म अनुदान रकम क्रमश: वृद्धि हुँदै गएको तर २०८०/८१ मा २०७९/८० भन्दा अनुदान रकम घटेको देखिन्छ ।

(स्रोत: अनलाइनखबर)

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# रुद्र पाख्रिनको २२ औं स्मृति दिवस, शालिकमा माल्यार्पण



साझाकुरा संवाददाता

हेटौंडा, २८ पुस/ तत्कालीन नेकपा माओवादी मकवानपुरका नेता रुद्रबहादुर पाख्रिन (रमेश)को २२ औं स्मृतिमा आईतबार मकवानपुरगढी-४ स्थित रुद्रबाटिकामा रहेको पाख्रिनको पूर्णकदको शालिकमा माल्यार्पण गरी श्रद्धाञ्जली ब्यक्त गरिएको छ ।

२०५२ सालदेखि नेकपा माओवादीले सुरु गरेको जनयुद्धका कमाण्डर पाख्रिनको २०५९ पौष २८ मा तत्कालीन सरकारपक्षले मकवानपुरको छतिवन गाविसको गरगरेमा हत्या गरेको थियो । नेकपा (माओवादी केन्द्र) मकवानपुरगढी गाउँ कमिटीको आयोजनामा भएको स्मृतिदिवसमा नेकपा (माओवादी केन्द्र) की केन्द्रीय सदस्य तथा बागमती प्रदेशसभा सदस्य कुमारी मोक्तानको प्रमुख आतिथ्यता रहेको थियो । बि.सं.२०१९ साउन २७ मा जन्मेका पाख्रिन कुशल नेतृत्वकर्ता र असल राजनीतिज्ञ भएको उनका राजनीतिक सहकर्मी बताउँछन् । प्रमुखअतिथि मोक्तानले जनताको मुक्ति र समाजको विकासको लागि रुद्र पाख्रिनको योगदान महत्वपूर्ण भएको बताइन् ।

नेकपा (माओवादी केन्द्र) मकवानपुरगढी गाउँ कमिटी अध्यक्ष राजकुमार खड्काको अध्यक्षतामा भएको श्रद्धाञ्जलीसभामा नेकपा (माओवादी केन्द्र)की केन्द्रीय सदस्य मानकुमारी नेपाली, बागमती प्रदेश समिति उपाध्यक्ष प्रेमबहादुर पुलामी, सदस्य ललित घलान, बिबेक राई, शुभरत्न गोले, सीता पुलामी, जिल्ला समन्वय समिति मकवानपुर संयोजक भीम पाख्रिन, सचिव बीरबहादुर घलान 'ज्वाला', अखिल क्रान्तिकारी मकवानपुर अध्यक्ष बुद्धराज अर्याल, अखिल नेपाल जनस्वास्थ्यकर्मी महासंघ मकवानपुर अध्यक्ष जयराम रायमाझीलगायतको आतिथ्यता रहेको थियो ।

# बागमती प्रदेशका एकसय ९५ निजी अस्पताल प्रभाबित

साझाकुरा संवाददाता

हेटौंडा, २८ पुस/ बागमती प्रदेशअन्तर्गतका स्वास्थ्य संस्था नवीकरण नहुँदा एकसय ९५ वटा निजी अस्पताल सुविधाबाट वञ्चित भएका छन् । ऐन, नियमावली र मापदण्ड निर्माणमा भएको ढिलाइले प्रदेश सरकारमातहत सञ्चालित अस्पताल तथा स्वास्थ्यसंस्थाको दर्ता र नवीकरण ठप्प भएको हो ।

पुष्पाञ्जली अस्पताल भरतपुरका सञ्चालक डा. भोजराज अधिकारीले अस्पताल दर्ता नवीकरण नहुँदा उपकरण खरिदमा भन्सार छुट र मूल्य अभिवृद्धि कर (भ्याट) छुट सुविधाबाट बञ्चित हुनु परेको बताए । एक वर्षदेखि भन्सारमा रोकिएको सिटीस्क्यान मेशिन छुटविना नै ल्याउनुपरेको उनले बताए । लिलाम हुने अवस्था आएपछि ६० लाख रुपैयाँभन्दा धेरै खर्चेर उपकरण ल्याउन बाध्य भएको डा. अधिकारीको गुनासो छ ।

भरतपुर अस्पताल विकास समितिका पूर्वअध्यक्षसमेत रहेका अधिकारीले अस्पताल नवीकरण नहुँदा एम्बुलेन्स, शववाहनलगायत गाडी र उपकरण खरिदमा समस्या भएको बताए । नवीकरण नहुँदा अस्पतालको स्तरोन्नति रोकिएको र शैक्षिक कार्यक्रम प्रभावित बनेको उनको भनाइ छ । निजी अस्पताल समन्वय समिति चितवनका अध्यक्ष विक्रम अधिकारी सरकारले ढिला गरी ऐन पारित गर्दा अस्पताल प्रभावित बनेको बताए ।

उपकरण खरिद रोकिएको, बैंकको कर्जा प्रवाहमा असर परेको, सरकारले प्रदान गर्ने सेवा दिए बापतको भुक्तानी रोकिएको, शैक्षिक कार्यक्रम प्रभावित भएको, अस्पताल स्तरोन्नति र स्तरवृद्धि हुन नसकेको डा. अधिकारीको भनाइ छ ।

डा. अधिकारीका अनुसार बागमती प्रदेशमा सञ्चालित एक सय ९५ वटा अस्पतालले समस्या भोगिरहेका छन् । बागमती प्रदेश स्वास्थ्य मन्त्रालयका सूचना अधिकारी डा. रविन भुषालका अनुसार स्वास्थ्य सेवा ऐन, स्वास्थ्य सेवा नियमावली र 'स्वास्थ्य संस्थाको आशयपत्र, सेवा सञ्चालन अनुमति, नवीकरण तथा स्तरोन्नतिसम्बन्धी मापदण्ड २०८१' तयार भएपनि राजपत्रमा प्रकाशित नहुँदा काम सुरु हुन नपाएको हो ।

# बुद्यौली साहित्य समाज रौतहट-सर्लाहीको आठौं शृंखला

साझाकुरा संवाददाता

हेटौंडा, २८ पुस/ मकवानपुरबाट सुरु भएको बुद्यौली साहित्य समाज रौतहट-सर्लाहीको आठौं शृंखला सर्लाहीमा सम्पन्न भएको छ ।

'बुद्यौली बिलौना' शीर्षकमा माध्यमिक तहका विद्यार्थीलाई कवितालेखन तथा वाचन गराइएको कार्यक्रममा सहभागी श्री ५ महेन्द्रजनता मावि कर्मैया, महादेवजनता मावि हरिवन, जनता मावि सोल्टी बजार, जनबालकल्याण मावि धरहरा तथा राधाकृष्ण रामजानकी वैदिक संस्कृत गुरुकुलम् लालबन्दीका गरी सर्लाहीका पाँचओटा विद्यालयका १२ जना विद्यार्थीलाई कापी तथा कलम उपहारस्वरुप दिइएको थियो ।



कार्यक्रममा नियात्राकार रमेशमोहन अधिकारी, बज्जिका अभियन्ता शिवचन्द्र साह, सरिता दाहाल, गंगाबहादुर दाहाल, यादव प्रसाईं, शंकर झा, श्रीहरि पुडासैनी, डिल्लीरमण भट्टराईलगायतले मन्तव्य व्यक्त गरेका थिए । हरिकृष्ण काृले, रामचन्द्र पौडेल, कुमार दाहाल कुसुम, प्रेम घिमिरे, रामचन्द्र कुशवाहा, विन्दा सहनी, रामप्रसाद अधिकारी, राजेश्वरी काफ्ले, मीना देवकोटा, उत्तम दाहाल, सीता पन्थी, हरिकृष्ण बराल, प्रदीप धनञ्जय, जीवन आचार्य, अर्चना काफ्ले लुइँटेल, कविराज सुवेदी, अर्जुन थापा, केदार सिग्देल, नित्यानन्द कँडेल, लक्ष्मण पौडेललगायतले कविता, मुक्तक, गजल तथा चारुवाचन गरेका थिए ।

कार्यक्रमका मुख्य प्रायोजक केशवबहादुर दाहाललाई सम्मान गरिएको कार्यक्रममा बुसास रौतहट-सर्लाहीका सदस्य घनश्याम पन्तले उद्घोषण, सुमित्रा आचार्यले स्वागत तथा संस्थाका अध्यक्ष लम्बोदर काफ्लेले सभाध्यक्षता गरेका थिए । संस्मरणकार तथा कवि डा.शालिग्राम शर्माको प्रमुख आतिथ्य रहेको थियो । कार्यक्रम श्री ५ महेन्द्रजनता माध्यमिक विद्यालय कर्मैया, वागमती-११ मा भएको थियो ।


## हार्दिक आभार



मकवानपुर उद्योग वाणिज्य संघको
शनिबार सम्पन्न अधिवेशनबाट मलाई गरिमामय
**अध्यक्ष** पदमा आफ्नो अमुल्य मतदान गर्नुभई
विजयी गराउनु भएकोमा हार्दिक आभार
व्यक्त गर्दछु ।

**प्रमोद सिंह रानाभाट**
(अध्यक्ष)
**मकवानपुर उद्योग वाणिज्य संघ**


# विश्व साइकलयात्री मानन्धर पशुपतिनाथ माविमा

साझाकुरा संवाददाता

हेटौंडा, २८ पुस/ विभिन्न ३३ देशको भ्रमण साइक्लबाट पूरा गरेका साइकलयात्री रामचन्द्र मानन्धर पशुपतिनाथ माविका बालबालिकासँग अनुभव आदाप्रदान गर्न पुगेका छन् ।

आइतबार विद्यालयमा बालबालिका र शिक्षकसँग बिभिन्न देशको भ्रमणको बारेमा रोचक प्रशंग सेयर गरेका थिए । नेपाल विश्वमा परिचित भएको र नेपालीले शीर उच्च राखेर यात्रा गर्न सक्ने बताएका थिए । युवापुस्ताले बैदेशिक रोजगार ीमा जानुभन्दा नेपालमै बसेर देशका लागि काम गर्नुपर्ने साइकलयात्री मानन्धरले बताए ।

विद्यालयका शिक्षकहरुले मानन्धरको विश्वभ्रमणको अभियानमा निरन्तर लागिरहन आग्रह गरेका थिए । एक घण्टा भन्दा बढी पैदलयात्रा गरी विद्यालय आउनुपर्ने विद्यार्थीलाई एकसाथ एकसय १५ वटा साइकल बितरण गर्ने मकवानपुरकै पहिलो विद्यालय पशुपतिनाथ मावि रहेको जानकारी पाउँदा खुशी लागेको विश्व साइकलयात्री मानन्धरले बताए ।

मानन्धरले आइतबार नै मनहरी-५ को भोजसिद्ध मावि र मनहरी-३ को महेन्द्रज्योति माविका शिक्षाक र विद्यार्थीसँग पनि विश्वभ्रमणका बारमा अनुभव सुनाएका थिए । साइकलयात्री मानन्धरको अभियानमा सुभेच्छा सहित सहयोग गरिएको महेन्द्रज्याति माविका सहायक प्रधानाध्यापक मनोज चौलागाईले बताए ।

# बालजागृतिको सांस्कृतिक कार्यक्रम तथा शैक्षिक प्रदर्शनी

साझाकुरा संवाददाता

हेटौंडा, २८ पुस/हेटौंडा उपमहानगरपालिका-२ स्थित बालजागृति ईङ्गलिस सेकेन्डरी स्कूलले आइतबार सांस्कृतिक शैक्षिक प्रदर्शनी तथा पुरस्कार वितरण कार्यक्रम गरेको छ ।



विद्यालय सञ्चालक समितिका अध्यक्ष दिनेशप्रसाद भण्डारीको सभाअध्यक्षता तथा हेटौंडा उपमहानगरपालिका २ नम्बर वडा कार्यालयका वडाअध्यक्ष विष्णुगोपाल महर्जनको प्रमुख आतिथ्यतामा कार्यक्रम भएको हो । कार्यक्रममा बालबालिकाले विभिन्न सांस्कृतिक तथा शैक्षिक प्रस्तुति गरेका थिए । कार्यक्रममा उत्कृष्ट विद्यार्थीलाई सम्मानसहित पुरस्कार प्रदान गरिएको थियो ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष भण्डारीले विद्यालयलाई नमूना विद्यालयको रुपमा देशभर चिनाउने प्रतिबद्धता व्यक्त गरेका थिए । कार्यक्रमले विद्यार्थीको प्रतिभा प्रोत्साहन गर्दै शैक्षिक र सांस्कृतिक गतिविधिमा स्कुललाई अग्रणी बनाउने उद्देश्य हासिल गरेको व्यवस्थापन समिति अध्यक्ष भन्डारीले बताए ।

कार्यक्रममा प्रमुखअतिथि महर्जन, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रामकृष्ण तिमिल्सिना, प्रबन्धनिर्देशक मोहनप्रसाद शर्मा, वडासदस्य सुजन बर्तौला, ईन्द्रप्रसाद रिजाल, माया परियार, प्रधानाध्यापक विनोद सुवेदी र सहायक प्रधानाध्यापक अमूल श्रेष्ठको आतिथ्यता रहेको थियो ।

# केयूको भीसीका लागि १७ जनाले दिए आवेदन

काठमडौं/काठमाडौं विश्वविद्यालयको उपकुलपतिका लागि १७ जनाले आवेदन दिएका छन् । उपकुलपति छनोट समितिका अनुसार १७ जनाले आवेदन दिएका हुन् । आवेदन दिनेहरूको नाम भने सार्वजनिक गरिएको छैन । छनोट समितिका अनुसार १७ जनामध्येबाट १० जनाको सर्ट लिस्ट सार्वजनिक गरिने छ । त्यसपछि १० जनाको अन्तर्वार्ता पनि हुने छ । 'अन्तर्वार्ता भएपछि तीन जनाको नाम सिफारिस गर्छौं,' छनोट समितिका संयोजक पूर्वउपकुलपति सुरेशराज शर्माले भने ।

गत १८ पुसमा उपकुलपतिका लागि खुला आह्वान गरिएको थियो । उपकुलतिमा आवेदन दिन नपाएपछि डाक्टरहरू भने असन्तुष्ट छन् । उपकुलपति छनोट समितिले बनाएको कार्यविधि खारेजीको माग राखेर डाक्टरहरू सर्वोच्च अदालत गएका थिए । तर, आइतबार अदालतले अन्तरिम आदेश जारी नुहने फैसला गरेपछि डाक्टरहरूले उपकुलपतिका लागि आवेदन दिन पाएनन् ।


## हार्दिक आभार



मकवानपुर उद्योग वाणिज्य संघको
शनिबार सम्पन्न अधिवेशनबाट मलाई गरिमामय
**महासचिव** पदमा आफ्नो अमुल्य मतदान गर्नुभई
विजयी गराउनु भएकोमा हार्दिक आभार
व्यक्त गर्दछु ।

**प्रतिमा श्रेष्ठ**
(महासचिव)
**मकवानपुर उद्योग वाणिज्य संघ**

## हार्दिक आभार



मकवानपुर उद्योग वाणिज्य संघको शनिबार
सम्पन्न अधिवेशनबाट मलाई गरिमामय उद्योगतर्फ
**उपाध्यक्ष** पदमा आफ्नो अमुल्य मतदान गर्नुभई
विजयी गराउनु भएकोमा हार्दिक आभार
व्यक्त गर्दछु ।

**दिपक उप्रेती**
उपाध्यक्ष (उद्योगतर्फ)
**मकवानपुर उद्योग वाणिज्य संघ**

## हार्दिक आभार



मकवानपुर उद्योग वाणिज्य संघको शनिबार
सम्पन्न अधिवेशनबाट मलाई गरिमामय उद्योगतर्फ
**सदस्य** पदमा आफ्नो अमुल्य मतदान गर्नुभई
विजयी गराउनु भएकोमा हार्दिक आभार
व्यक्त गर्दछु ।

**कृष्णगोपाल महर्जन**
सदस्य (उद्योगतर्फ)
**मकवानपुर उद्योग वाणिज्य संघ**

## हार्दिक बधाई तथा शुभकामना



**श्री प्रमोदसिंह रानाभाट**
(अध्यक्ष)



**श्री काव्यमणि अधिकारी**
उपाध्यक्ष (वस्तुगततर्फ)



**श्री राजु अधिकारी**
उपाध्यक्ष (वाणिज्यतर्फ)



**श्री निलम बैद्य**
सह-कोषाध्यक्ष



**श्री भुपेन्द्र प्रसाद अधिकारी**
सदस्य (उद्योगतर्फ)



**श्री सीतादेवी भेटवाल**
(उद्योगतर्फ महिला आरक्षण सदस्य)



**श्री निलम देवकोटा**
(वाणिज्यतर्फ महिला अरक्षण सदस्य)



**श्री बालकृष्ण बजगाईं**
सदस्य (वाणिज्यतर्फ)

यस सहकारी संस्थाका शेयर सदस्यज्यूहरु मकवानपुर उद्योग वाणिज्य संघको शनिबार सम्पन्न अधिवेशनबाट अध्यक्ष पदमा **श्री प्रमोदसिंह रानाभाट**, वस्तुगततर्फ उपाध्यक्ष पदमा **श्री काव्यमणि अधिकारी**, वाणिज्यतर्फ उपाध्यक्ष पदमा **श्री राजु अधिकारी**, सह-कोषाध्यक्ष पदमा **श्री निलम बैद्य**, उद्योगतर्फ सदस्य पदमा **श्री भुपेन्द्र प्रसाद अधिकारी**, उद्योगतर्फ महिला आरक्षण सदस्य **श्री सीतादेवी भेटवाल**, वाणिज्यतर्फ महिला आरक्षण सदस्य पदमा **श्री निलम बजगाईं देवकोटा**, वाणिज्यतर्फ सदस्य पदमा **श्री बालकृष्ण बजगाईं** विजयी हुनुभएकोमा हार्दिक बधाईसहित कार्यकाल पूर्णसफलताको शुभकामना व्यक्त गर्दछौं ।

**डा. गणेशबहादुर बल लामा (अध्यक्ष) एवम्**
**दिव्यतारा बहुउद्देश्यीय सहकारी संस्था लि.**
हेटौंडा-२, मकवानपुर

## श्री बज्रवाराही बचत तथा ऋण सहकारी संस्था लि.

थाहा न.पा. ६, टिष्टुङ, बज्रवाराही, मकवानपुरका

**शेयर धनी सदस्यज्यूहरूलाई अत्यन्त जरूरी सूचना**

*प्रकाशित मिति : २०८१/९/२९ गते*

श्री बज्रवाराही बचत तथा ऋण सहकारी संस्था लि. थाहा न.पा. ६, टिष्टुङ, बज्रवाराहीमा आबद्ध केही शेयर सदस्य महानुभावहरु वार्षिक साधारण सभामा समेत लगातार तीन पटकभन्दा बढी बिना जानकारी अनुपस्थित हुनु भएको र संस्थाले पटकपटक सम्पर्क गर्न खोज्दा समेत सम्पर्कमा नआनुभएको हुदाँ,त्यस्ता शेयर सदस्यहरुलाई यथासक्य छिटो संस्थामा सम्पर्क राखिदिनुहुन अनुरोध गरिन्छ । साथै त्यस्ता शेयर सदस्यहरुले तिर्नुपर्ने र पाउनुपर्ने रकमको लेखा राखी सहकारी ऐन २०७४ को दफा ३४ को (ख) को व्यवस्थाअनुसार स्व:त सदस्यताको समाप्ती हुने समेत जानकारी गरिन्छ । साथै यस संस्थाको १५ औ वार्षिक साधारण सभाको निर्णय अनुसार सबै सदस्यको नियमित मासिक बचत नियमित गर्ने र नियमित मासिक बचत नियमित नगर्ने शेयर सदस्यहरुलाई निक्रिय सदस्यको सुचिमा समावेश गरिने निर्णय भएको हुदाँ नियमित मासिक बचत गरी असल तथा सक्रिय शेयर सदस्यको पहिचान कायम गर्नुहुन सम्पुर्ण शेयर सदस्यहरुमा सादर अनुरोध गर्दछौ ।


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकिटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना